# अध्याय : एक

# शोधपरिचय

## १.१ शोधशीर्षक

प्रस्तुत शोधपत्रको शीर्षक 'दक्षिण-पूर्वी मोरङका कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको पठनबोध क्षमताको अध्ययन' रहेको छ ।

## १.२ शोधप्रयोजन

यो शोधपत्र त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्काय नेपाली शिक्षा विभागअन्तर्गत स्नातकोत्तर तह (एम.एड.) दोस्रो वर्षको पाठ्यांश नेपा.शि. ५९८ पूरा गर्ने प्रयोजनका लागि तयार पारिएको हो ।

## १.३ समस्याकथन

कुनै पनि अध्ययन तथा अनुसन्धानहरू कुनै न कुनै समस्यामा केन्द्रित हुन्छन् । अनुसन्धानका लागि अध्ययनकर्ता समस्यासँग राम्ररी परिचित हुनु आवश्यक छ । मैले तयार पारेको यस शोधपत्रमा भाषा शिक्षाअन्तर्गत विद्यार्थीहरूको पठनबोधसम्बन्धी समस्यालाई उठाएको छु । पठनबोध क्षमता ज्ञान आर्जनको एक अपरिहार्य माध्यम हो । पठनबोध क्षमताविना विद्यार्थीहरूले एकातिर लक्षित ज्ञान हाँसिल गर्न सक्दैनन् भने अर्कातिर जतिसुकै राम्रा पाठ्यक्रम तथा पाठ्यपुस्तकहरू निर्माण गरी सिकाइ क्रियाकलाप सञ्चालन गरे तापनि त्यो उपलब्धिमूलक हुँदैन । अतः भाषिक सीप सिकाइमा पठनबोध क्षमता अति आवश्यक हुन्छ ।

यसप्रकार कक्षा आठमा अध्ययन गर्ने विद्यार्थीहरूको पठनबोध क्षमतासम्बन्धी अध्ययनलाई यस अनुसन्धानमा प्रमुख शोधसमस्याका रूपमा प्रस्तुत गरिएको छ । यस अध्ययनमा दक्षिण-पूर्वी मोरङका कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको पठनबोधसम्बन्धी निम्न समस्याहरूलाई बुँदागत रूपमा प्रस्तुत गरिएको छ :

(क) कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको पठनबोध क्षमता के-कस्तो छ ?

(ख) लैङ्गिक आधारमा छात्र तथा छात्राको पठनबोध क्षमता कस्तो छ ?

(ग) सार्वजनिक र निजी विद्यालयमा अध्ययनरत विद्यार्थीहरूको पठनबोध क्षमता के-कस्तो छ ?

(घ) भाषिक पृष्ठभूमिको आधारमा नेपाली मातृभाषी तथा नेपाली विमातृभाषी विद्यार्थीहरूको पठनबोध क्षमता कस्तो छ ?

ङ) पठनबोध क्षमता अभिवृधिका लागि के कस्ता सुझावहरू दिन सकिन्छ ?

## १.४ शोधको उद्देश्य

यस शोधकार्यका उद्देश्यहरू निम्नानुसार रहेका छन् :

(क) कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको पठनबोध क्षमता पहिल्याउनु ,

(ख) उक्त कक्षामा अध्ययनरत छात्र तथा छात्राबीचको पठनबोध क्षमताको अन्तर पत्ता लगाउनु ,

(ग) सार्वजनिक र निजी विद्यालयमा कक्षा आठमा पढ्ने विद्यार्थीबीचको पठनबोध क्षमताको भिन्नता पत्ता लगाउनु ,

(घ) भाषिक पृष्ठभूमिका आधारमा उक्त कक्षाका नेपाली मातृभाषी र नेपाली विमातृभाषी विद्यार्थीहरूको पठनबोध क्षमता केलाउनु ,

(ङ) पठनबोध क्षमता अभिवृद्धिका लागि आवश्यक सुझावहरू दिनु ।

## १.५ प्राक्कल्पना

(क) कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको पठनबोध क्षमता सन्तोषजनक छ ।

(ख) कक्षा आठमा अध्ययनरत छात्रा र छात्रबीचको पठनबोध क्षमतामा सार्थक अन्तर छैन ।

(ग) कक्षा आठका सार्वजनिक र निजी विद्यालयका विद्यार्थीहरूको पठनबोध क्षमतामा खासै अन्तर छैन ।

(घ) कक्षा आठमा अध्ययनरत नेपाली मातृभाषी र नेपाली विमातृभाषी विद्यार्थीहरूको पठनबोध क्षमतामा सार्थक अन्तर छैन ।

## १.६ अध्ययनको औचित्य

पठनबोध क्षमता विद्यार्थीहरूका लागि अति आवश्यक पक्ष हो । विद्यार्थीहरूमा पठनबोध क्षमतासम्बन्धी कमजोरी रहेमा उनीहरूको अभिव्यक्ति क्षमतामा पनि त्यसको नकारात्मक असर पर्छ । भाषिक सीपमा दक्षता हाँसिल गर्ने क्रममा पढाइ सीपको विकास गर्न सकिन्छ । त्यसैले भाषिक सीपको विकासका लागि पठनबोधको महत्त्वपूर्ण स्थान रहेको छ । पठनबोधमा हुने कमजोरीले केवल भाषिक सीप विकासमा मात्र नभएर अन्य विषयको ज्ञान आर्जनमा पनि प्रभाव पारेको हुन्छ । विद्यार्थीहरूमा पठनबोधसम्बन्धी क्षमताको आवश्यक मात्रामा विकास हुन नसकेमा सम्बन्धित तहका लागि निर्माण गरिएका पाठ्यक्रमका उद्देश्यहरू पनि पूरा हुन सक्दैनन् । पठनबोध क्षमताको अध्ययनले सम्बन्धित कक्षाको पाठ्यक्रम, पाठ्यपुस्तक, शिक्षणसामग्री आदिको स्थिति के-कस्तो छ ? उक्त क्षेत्रका कुन-कुन पक्षमा के-कस्ता सुधारहरूको आवश्यकता छ ? पाठ्यक्रमले निर्धारण गरेका उद्देश्यहरू के कति मात्रामा पूरा भए वा भएनन् ? आदि जस्ता कुराहरूको जानकारी प्राप्त हुन सक्छ ।

शिक्षण सिकाइ क्रियाकलापमा विद्यार्थीका लागि पठनबोध क्षमता महत्त्वपूर्ण हुने हुँदा सम्बन्धित विषय शिक्षकले आफ्ना विद्यार्थीहरूमा देखापरेका पठनबोधसम्बन्धी समस्याका बारेमा वास्तविक जानकारी प्राप्त गरी उक्त समस्यालाई सहजताका साथ निराकरण गर्दै प्रभावकारी रूपमा शिक्षण गर्नका लागि यो शोधकार्यले आवश्यक सहयोग पुऱ्याउने छ भन्ने आशा गर्न सकिन्छ । पठनबोध क्षमताको अध्ययनबाट भाषा पाठ्यक्रमविद्लाई पाठ्यक्रम सुधार एव्म परिमार्जन गर्न, पाठ्यपुस्तक लेखकलाई उद्देश्यमूलक एव्म प्रभावकारी विषयवस्तुको चयन गर्न र शिक्षकलाई समग्र विद्यार्थीहरूको बोध क्षमतालाई बुझेर शिक्षण सिकाइ क्रियाकलापलाई अर्थपूर्ण एव्म प्रभावकारी बनाउनुपर्ने कार्यमा सहयोग पुग्ने हुँदा यस किसिमको अध्ययन महत्त्वपूर्ण हुने कुरामा विश्वस्त हुन सकिन्छ ।

पठनबोध क्षमता सम्बन्धमा योभन्दा अगाडि पनि केही अध्ययनहरू भएका छन् तर पनि ती अध्ययनहरूमा तराई क्षेत्रका विद्यार्थीहरूको पठनबोध क्षमताको अध्ययन नभएको देखिएकाले यो

अध्ययन विशेष गरी तराई क्षेत्रका शिक्षक , विद्यार्थी तथा यस विषयमा चासो राख्ने सम्बन्धित सबैमा उपयोगी हुने आशा राखिएको छ ।

## १.७ पूर्वकार्यको समीक्षा

कुनै पनि विषय वा शीर्षकमा अध्ययन-अनुसन्धान गर्नु अवश्य पनि जटिल कार्य हो । यस्तो कार्य आरम्भ गर्नुपूर्ण सम्बन्धित विषयलाई लिएर अगाडि भइसकेका अध्ययनहरूको सर्वेक्षणबाट अध्येतालाई आफ्नो अध्ययन अघि बढाउन सजिलो पर्छ । यस्ता अध्ययन-अनुसन्धानहरूले अनुसन्धानकर्तालाई आफ्नो मार्गबाट विचलित हुन नदिई सहयोग पुऱ्याउँछ । प्रस्तुत अध्ययन कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको पठनबोध क्षमताको अध्ययनसँग सम्बन्धित भएकाले यसपूर्व पठनबोधसम्बन्धी अध्ययन कार्यहरू के-कति भएका छन् भनी अध्येतालाई प्राप्त सामग्रीका आधारमा यस्ता अध्ययनका महत्त्वपूर्ण कार्यहरू छोटकरीमा उल्लेख गर्ने प्रयास गरिएको छ ।

रेणुका शाक्य (२०३९) द्वारा पठनबोधसम्बन्धी एक अध्ययन गरिएको छ । रेणुका शाक्यद्वारा पठनबोध एक अध्ययन (सामाजिक कथा विधा कक्षा आठ) शीर्षकको अध्ययनमा बोध के हो र बोधको उत्तर कसरी दिनुपर्छ ? भन्ने कुरामा केन्द्रित भएको पाइन्छ । तत्कालीन शिक्षण सिकाइ प्रक्रियामा बोध प्रश्नोत्तरको अभ्यास कम भएको र विद्यार्थीहरूको पठनबोध क्षमताको स्तर कामचलाउ मात्र भएको निष्कर्ष उक्त अध्ययनमा निकालिएको छ ।

शंकरकुमार राई (२०३९) द्वारा "दशौं श्रेणीमा अध्ययनरत विद्यार्थीहरूको मौन पठनबोध एक अध्ययन" शीर्षकमा गरिएको अध्ययनको उद्देश्य विद्यार्थीमा रहेको मौन पढनबोध क्षमता पत्ता लगाउने र मौन पठनबोधमा भएका त्रुटिहरू केलाई सुझाव पेश गर्नु रहेको थियो । उक्त अध्ययनले उपयुक्त किसिमले पठनबोध क्षमताको विकास भएको भनी निष्कर्ष निकालेको थियो ।

केदारप्रसाद शर्मा (२०५२) द्वारा प्राथमिक तहका भाषा विषयका सरकारी पाठ्यपुस्तकको बोधगम्यतासम्बन्धी अध्ययन गरिएको पाइन्छ । उक्त अध्ययनमा प्रथमिक तहका पाठ्यपुस्तक बोधगम्यनै भएका तर भाषिक तथा क्षेत्रगत आधारमा नेपाली मातृभाषाका विद्यार्थीभन्दा नेपाली मातृभाषा नभएका विद्यार्थीहरू र पहाड तथा काठमाडौं उपत्यकाका विद्यार्थीहरूभन्दा तराईका विद्यार्थीहरू प्राथमिक तहको नेपाली भाषाको पाठ्यपुस्तक बोध गर्न प्रयाप्त सक्षम नभएका भन्ने निष्कर्ष निकालिएको छ ।

विष्णुहरि घिमिरे (२०५६) द्वारा हाम्रो नेपाली किताब कक्षा आठको बोधगम्यताको अध्ययन शीर्षकमा अध्ययन गरिएको पाइन्छ । यस अध्ययनको मूल उद्देश्य कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको बोधगम्यतासम्बन्धी क्षमताको पहिचान गर्नु रहेको छ । उक्त अध्ययन पनि बोधसँग सम्बन्धित भएकाले यहाँ उल्लेख गर्नु सान्दर्भिक ठहर्छ । उक्त अध्ययनको आधारमा गरिएको अध्ययनमा पाठ्यपुस्तक सम्बन्धित कक्षाका लागि आवश्यक रूपमा बोधगम्य नभएको र उक्त कक्षाका विद्यार्थीहरूमा स्तरसापेक्ष स्तरीय रूपबाट बोधक्षमता विकास नभएको निष्कर्ष निकालिएको छ ।

गुरूप्रसाद गौतम उपाध्याय (२०६०) द्वारा "कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूको पठनबोध क्षमताको अध्ययन" शीर्षकमा अध्ययन गरिएको पाइन्छ । सल्यान र दाङ् जिल्लाका सार्वजनिक विद्यालयहरूलाई नमुना छनोट गरी गरिएको यस अध्ययनमा विद्यार्थीहरूको पठनबोध क्षमता निकै कमजोर स्थितिमा रहेको निष्कर्ष निकालिएको छ ।

कृष्णप्रसाद ज्ञवाली (२०६३) द्वारा "कक्षा दशमा अध्ययनरत विद्यार्थीहरूको पठनबोध क्षमताको अध्ययन" शीर्षकमा शोधकार्य पूरा गरिएको पाइन्छ । उक्त शोधकार्यमा पनि कक्षा दशमा अध्ययनरत विद्यार्थीहरूको पठनबोध क्षमता पहिल्याउनु , भाषिक पृष्ठभूमि , लैङ्गिकता , क्षेत्रीयता र स्थानीयताको आधारमा उक्त कक्षाका विद्यार्थीहरूको पठनबोध क्षमताको पहिचान गर्नु ,  पठनबोध क्षमताको अभिवृद्धिका लागि आवश्यक सुझाव पेस गर्नु जस्ता प्रमुख उद्देश्यहरूमा केन्द्रित रहेको पाइन्छ ।

नवराज के.सी.(२०६४) द्वारा "लमजुङ जिल्लाका कक्षा छमा अध्ययनरत विद्यार्थीहरूको पठनबोध क्षमताको अध्ययन" शीर्षकमा गरिएको अध्ययनमा समग्रमा पठनबोध क्षमता उच्च रहेको दृष्टांश भन्दा अदृष्टांश पठनबोध क्षमतामा विद्यार्थीहरू कमजोर रहेको , गाउँकाभन्दा सहरका विद्यार्थीहरूको पठनबोध क्षमता उच्च रहेको र छात्राको भन्दा छात्रको पठनबोध क्षमता उच्च रहेको भन्ने निष्कर्ष निकालिएको पाइन्छ ।

सङ्गीतादेवी घिमिरे (२०६४) ले "तीन कक्षा पूरा गरेका विद्यार्थीहरूको सस्वरपठन क्षमताको अध्ययन" शीर्षकमा स्नातकोत्तर तहको शोधकार्य गरेकी छन् । उनको यो अध्ययन प्राथमिक कक्षाका बालबालिकाको सस्वरपठनसँग केन्द्रित रहेको छ । आफ्नो अध्ययनमा घिमिरेले तीन कक्षा पूरा गरेका विद्यार्थीहरूको सस्वरपठन क्षमताको अध्ययन गर्ने, सरकारी र निजी विद्यालय तथा मातृभाषी विद्यार्थीका बीच उक्त भाषिक सीपको तुलना गर्ने र कठिनाइ क्षेत्र पत्ता लगाई सुझाव दिने उद्देश्य राखेकी छिन । उपर्युक्त उद्देश्यअनुसार सस्वरपठनको स्तर मध्यम खालको रहेको निष्कर्ष उक्त अध्ययनमा निकालिएको पाइन्छ ।

खड्गबहादुर विश्वकर्मा .(२०६८) द्वारा "कक्षा सातमा अध्ययनरत विद्यार्थीहरूको पठनबोध क्षमताको अध्ययन" शीर्षकमा मोरङ्ग जिल्लाका तीन सरकारी र तीन निजी विद्यालयका गरी जम्मा ९० जना विद्यार्थीहरूमा पठनबोध क्षमतासम्बन्धी अध्ययन गरिएको छ । उक्त अध्ययनमा सरकारी र निजी विद्यालयका विद्यार्थीबीच, छात्र र छात्राबीच, नेपाली मातृभाषी र नेपाली विमातृभाषी विद्यार्थीबीच र ग्रामीण क्षेत्र र सहरोन्मुख ग्रामीण क्षेत्रका विद्यार्थीबीच पठनबोध क्षमताको तुलनात्मक अध्ययन गरिएको छ । जसअनुसार सरकारी विद्यालयका विद्यार्थीभन्दा निजी विद्यालयका विद्यार्थीहरूको, नेपाली विमातृभाषी विद्यार्थीभन्दा नेपाली मातृभाषी विद्यार्थीहरूको छात्राहरूको भन्दा छात्रको र गाउँका भन्दा सहरोन्मुख गाउँका विद्यार्थीहरूको पठनबोध क्षमता राम्रो रहेको निष्कर्ष निकालिएको छ । यसैगरी समग्रमा विद्यार्थीहरूको दृष्टांश पठनबोध क्षमताभन्दा अदृष्टांश पठनबोध क्षमता उच्च रहेको निष्कर्ष पनि निकालिएको छ ।

## १.८ अध्ययनको सीमा

प्रस्तुत अध्ययन निम्नलिखित सीमाक्षेत्रमा आधारित रहेको छ :

(क) मोरङ जिल्लाको दक्षिण-पूर्वी क्षेत्रका विद्यालयहरूमा यो अध्ययन सीमित रहेको छ ।

(ख) यस अध्ययनमा चार सार्वजनिक र दुई निजी विद्यालयहरू तथा ती विद्यालयमा अध्ययनरत छात्र-छात्रा गरी जम्मा ५० जना विद्यार्थीहरूमा यो अध्ययन सीमित गरिएको छ ।

(ग) यस अध्ययनमा कक्षा आठका विद्यार्थीहरूको पठनबोध क्षमताको मात्र अध्ययन गरिएको छ ।

(घ) यो अध्ययनमा विद्यार्थीहरूको लिङ्गगत , भाषागत र विद्यालयको प्रकृतिगत आधारमा निष्कर्ष निकालिएको छ ।

## १.९ अध्ययन विधि

शोधकार्यको लागि अध्ययन विधि अति नै महत्त्वपूर्ण पक्ष हो । अध्ययनको प्रकृति र स्वरूपअनुसार अध्ययन विधि अपनाउन सकिएन भने सही निष्कर्षमा पुग्न कठिन हुन्छ । प्रस्तुत अध्ययन कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको पठनबोध क्षमताको अध्ययनमा केन्द्रित रहेको छ । यस अध्ययनमा प्रत्यक्ष विद्यार्थीहरूसँग सम्पर्क गरी उनीहरूको परीक्षण पश्चात निष्कर्ष निकालिएको छ । यस अध्ययनमा मुख्यतः सर्वेक्षण विधि र तुलनात्मक विधिको नै प्रयोग गरिएको छ । यस क्रममा यी विधि र प्रक्रियाको रूपरेखालाई क्रमशः जनसङ्ख्या, प्रतिनिधि नमुना, सामग्री निर्माण, सामग्रीको कार्यान्वयन तथा तथ्याङ्कको सङ्कलन र विश्लेषण गरी प्रस्तुत गरिएको छ । यस शोधकार्यका लागि प्राथमिक र गौण गरी दुई स्रोतको उपयोग गरिएको छ । प्राथमिक स्रोतअन्तर्गत चार सरकारी र दुई निजी विद्यालयका जम्मा ५० जना विद्यार्थीहरूलाई नमुनाका रूपमा छनोट गरिएको छ भने गौण स्रोतका लागि यसअघि भएका पूर्वकार्यहरू, सन्दर्भ पुस्तकहरू तथा सम्बन्धित पत्रपत्रिकाहरूलाई उपयोगमा ल्याइएको छ ।

## १.१० जनसङ्ख्या

प्रस्तुत शोधकार्यका लागि कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूलाई अध्ययनका लागि जनसङ्ख्याको रूपमा लिइएको छ । मोरङ जिल्लाको दक्षिण-पूर्वी क्षेत्रका चार सार्वजनिक र दुई निजी विद्यालयका छात्र-छात्रा गरी जम्मा ५० जना विद्यार्थीहरूलाई जनसङ्ख्याको रूपमा लिइएको छ ।

## १.११ प्रतिनिधि नमुना

प्रतिनिधि नमुनाले जनसङ्ख्याको पूर्णरूपमा प्रतिनिधित्व गरेको हुन्छ । कुनै पनि अनुसन्धानको व्याख्या तथा विश्लेषण गर्दा सम्पूर्ण जनसङ्ख्याबाट प्रतिनिधि स्वरूप लिइएको नमुना महत्त्वपूर्ण मानिन्छ । प्रस्तुत अध्ययनमा प्रतिनिधि नमुनाका रूपमा मोरङ जिल्लाको दक्षिण-पूर्वी क्षेत्रका ४ सरकारी र २ निजी विद्यालय गरी जम्मा ६ वटा विद्यालयबाट ५० जना विद्यार्थीहरू लिइएको छ । जसअनुसार श्री वीरेन्द्र सार्वजनिक उच्च मा.वि. अमरदहबाट १० जना, श्री जनता मा.वि. गान्धीआश्रमबाट १० जना, श्री सार्वजनिक नि.मा.वि गोविन्दपुरबाट ७ जना, श्री सुगाहाट नि.मा.वि. हसन्दहबाट ७ जना, श्री अरनिको मेमोरियल इङ्गलिस स्कुल अमरदहबाट ८ जना र श्री माउण्ट एभरेष्ट पब्लिक स्कुल अमरदहबाट ८ जना गरी जम्मा ५० जना छात्र-छात्रा रहेका छन् ।

## १.१२ सामग्री निर्माण

प्रस्तुत शोधकार्यका सिलसिलामा छनोटमा परेका नमुना विद्यार्थीहरूको पठनबोध क्षमताको परीक्षणका लागि सामग्री निर्माण गर्ने क्रममा दृष्टांश र अदृष्टांश गरी दुई किसिमका गद्यांशहरू छनोट गरिएका छन् । दृष्टांश गद्यांशअन्तर्गत कक्षा आठको हाम्रो नेपाली किताबमा रहेको 'फ्लोरेन्स नाइटिङ्गेल' नामक जीवनीबाट सङ्क्षिप्त उत्तरात्मक प्रश्न ५ वटा र वहुवैकल्पिक प्रश्न ५ वटा निर्माण गरिएको छ । त्यसैगरी अदृष्टांश गद्यांशअन्तर्गत 'विद्यालयस्तरीय निबन्धहरू' शीर्षकको निबन्धसङ्ग्रहमा रहेको 'नदीनालाहरू' नामक निबन्धबाट पनि सङ्क्षिप्त उत्तरात्मक प्रश्न ५ वटा र वहुवैकल्पिक प्रश्न ५ वटा नै निर्माण गरिएको छ ।

## १.१३ सामग्रीको पूर्वपरीक्षण

सामग्रीको निर्माणपछि यस्ता सामग्रीहरू कक्षा आठका विद्यार्थीहरूको स्तरअनुसार उपयुक्त भए वा भएनन् भनी नमुना छनोटमा परेका ५० जना विद्यार्थीहरूको १६ प्रतिशत हुन आउने गरी कक्षा आठका ८ जना विद्यार्थीहरूमा उक्त सामग्रीको पूर्वपरीक्षण गरिएको थियो ।

## १.१४ सामग्रीको कार्यान्वयन

सामग्रीको निर्माण र पूर्वपरीक्षण पछि त्यसलाई कार्यान्वयन गर्ने क्रममा सम्बन्धित विद्यालयमा गई नमुना छनोटमा परेका विद्यार्थीहरूको परीक्षा लिइएको थियो । विद्यार्थीहरूलाई परीक्षाबाट हुने डर हटाउन यस परीक्षाबाट प्राप्त हुने नतिजाले उत्तीर्ण र अनुत्तीर्णसँग कुनै सरोकार नराख्ने कुराको जानकारी पहिले नै दिइएको थियो । यसैगरी विद्यार्थीहरूको प्राप्ताङ्कलाई गोप्य राखिने विश्वास दिलाउँदै परीक्षाको नियमानुसार नै परीक्षा सम्पन्न गरियो । परीक्षाको समयावधि दृष्टांश र अदृष्टांश दुवै गद्यांशका लागि ३०/३० मिनेट तोकिएको थियो । प्रत्येक छोटकरी प्रश्नका लागि ३ अङ्कका दरले ५ वटा प्रश्नका लागि १५ अङ्क र प्रत्येक वहुवैकल्पिक प्रश्नका लागि १ अङ्कका दरले ५ वटा प्रश्नका लागि ५ अङ्क गरी जम्मा २०/२० पूर्णाङ्कमा दृष्टांश र अदृष्टांश दुवै गद्यांशको उत्तरपुस्तिका परीक्षण गरिएको थियो ।

यसरी सम्पूर्ण उत्तरपुस्तिका परीक्षणपछि प्राप्त अङ्कलाई तथ्याङ्कीय विश्लेषणका लागि निम्नानुसारका साङ्ख्यिकीय सूत्रहरू प्रयोग गरिएको छ :

(क) प्रतिशताङ्क (percentile) गणनाका लागि उपयोग गरिएको सूत्र :

$$P = \frac{R}{I} \times 100$$

यहाँ,

P= प्रतिशत

R= तोकिएको श्रेणीमा प्राप्ताङ्क ल्याउन सफल विद्यार्थी सङ्ख्या

T= जम्मा विद्यार्थी सङ्ख्या

ख) मध्यमान (Mean) गणना गर्न प्रयोग गरिएको सूत्र

$$\overline{X} = \frac{\sum x}{N}, \frac{\sum fx}{N}$$

यहाँ,

$\overline{X}$ = मध्यमान

x= तथ्याङ्क

f= बारम्बारता

$\sum x$ = x को कूल योग

N= जम्मा विद्यार्थी सङ्ख्या

ग) मानक विचलन (Standard Deviation) गणना गर्न प्रयोगमा ल्याइएको सूत्र

$$\pm = \sqrt{\frac{\sum x^2 - [(\sum x)^2 / N}{N}}$$

यहाँ

± = मानक विचलन

$\sum x$ = प्राप्ताङ्कको कूल योग

N= विद्यार्थी सङ्ख्या

$\left(\sum x\right)^2$ = प्राप्ताङ्कको कूल योगको वर्ग

घ) 'z' मान निकाल्न प्रयोग गरिएको सूत्र

$$z \text{ मान } = \frac{\left(\overline{x_1} - \overline{x_2}\right)}{\sqrt{\frac{\pm 1^2}{n_1} + \frac{\pm 2^2}{n_2}}}$$

यहाँ,

$\overline{x_1}$ = पहिलो समूहको मध्यमान

$\overline{x_2}$ = दोस्रो समूहको मध्यमान

±1= पहिलो समूहको मानक विचलन

±2= दोस्रो समूहको मानक विचलन

n1= पहिलो समूहको जम्मा सङ्ख्या

n2= दोस्रो समूहको जम्मा सङ्ख्या

# अध्याय : दुई

# सैद्धान्तिक परिचय

## २.१ बोधको परिचय

बोध भनेको बुझ्ने काम वा बुझाइ हो । कुनै पनि लिखित वा मैखिक अभिव्यक्तिलाई पढेर वा सुनेर त्यसको मूल आशय, भाव वा विचार पहिल्याउनुलाई नै बोध भनिन्छ । बोध भाषाका आदनात्मक सीपअन्तरर्गत पर्छ । कुनै पनि कुरा व्यक्त गर्नुभन्दा पहिले सो कुरा बुझ्नुपर्ने भएकाले बोधलाई अभिव्यक्तिको पूर्वसर्तका रूपमा लिनुपर्ने हुन्छ । व्यक्तिमा अभिव्यक्ति क्षमताको विकास सुरु हुनुभन्दा पहिले बोध क्षमताको विकास हुन थालिसकेको हुन्छ । यसरी कुनै लिखित वा मौखिक अभिव्यक्तिलाई बुझ्ने, सोच्ने र आफुअनुकूल प्रयोगमा ल्याउन सक्ने कार्यलाई नै बोध भन्न सकिन्छ ।

बोधलाई चिनाउन विभिन्न विद्वानहरूबाट अभिव्यक्त परिभाषालाई यहाँ निम्नानुसार समेट्ने प्रयास गरिएको छ :

बोध भन्नाले सुनेर वा पढेर बुझ्ने क्षमता वा सीप जान्ने वा बुझ्ने काम, समझ र जानकारी बुझिन्छ (पोखरेल र अन्य, २०५८: ९३९) ।

बोधको मुख्य तात्पर्य वक्ताले लेख्य वा कथ्य रूपमा प्रकट गरेका अभिव्यक्ति ग्रहण गर्नसँग सम्बद्ध छ । त्यसैले यसलाई ग्रहण शक्ति वा क्षमता पनि भनिन्छ (पराजुली, २०४९:११) ।

भाषिक सन्दर्भमा बोधको अर्थ सामान्यतः सुनेका र पढेका सामग्रीहरूको अर्थ बुझाइ भएपनि व्यापक रूपमा कुनै मौखिक, लिखित वा अमूर्त सन्देशको अभिप्राय बुझ्नु बोध हो (शर्मा र पौडेल, २०६०:१०७) ।

सुनेर, पढेर, हेरेर कुनै कुरा बुझ्ने काम वा त्यस्तो क्षमता, ज्ञान, अनुमान, समझ, सोच, सम्झना, अनुभूति आदिलाई बोधका रूपमा अर्थ्याउन सकिन्छ (अधिकारी र अन्य, २०६१:७३७) ।

अङ्ग्रेजीमा बोधलाई 'कम्प्रिहेन्सन' भनिन्छ । यसको अर्थ दिमागी कार्य, समझशक्ति, भाषिक क्षमताको विकास वा परीक्षणका निम्ति गरिने अभ्यास हुन्छ । क्याम्ब्रिज अन्तर्राष्ट्रिय शब्दकोशले कुनै पनि अवस्था तथ्यको सचेत तथा पूर्णरूपले बुझ्ने क्षमता तथा एउटा अभ्यास जसले प्रश्नहरू सोचेर वा पढ्न दिएर विद्यार्थीको बुझाइलाई जाँच्ने प्रक्रिया भनेर अर्थ लगाएको छ । माथि उल्लिखित विभिन्न अर्थ एवम् परिभाषाका आधारमा 'बोध' शब्दलाई बुझ्ने क्षमता, समझ, जानकारी, ज्ञान, अनुभव, सम्झना, सोच, अनुभूति, समझशक्ति, भाषिक क्षमताको विकास, दिमागी कार्य, ग्रहणशक्ति आदिका रूपमा लिइएको पाइन्छ । यस अध्ययनमा बोध शब्द पठनबोधसँग सम्बन्धित भएकाले निष्कर्षमा के भन्न सकिन्छ भने लिपिबद्धरूपमा उतारिएको भाषिक सामग्रीलाई आँखा र दिमागको उपयोगद्वारा गहनरूपमा अध्ययन गरी त्यसको सारतत्त्व, मूलमर्म वा विचार ग्रहण गर्न सक्ने खुबी वा क्षमता नै बोध हो ।

## २.२ बोधका प्रकार

### २.२.१ श्रुतिबोध

श्रुतिबोध श्रवणकलासँग सम्बन्धित पक्ष हो । श्रवणकलाको विकासमा श्रुतिबोधले महत्त्वपूर्ण भूमिका खेल्दछ । भाषाको विकास पनि श्रुतिबाट नै आरम्भ हुने भएकाले भाषा सिकाइमा श्रुतिबोधलाई आधारविन्दु मान्न सकिन्छ । श्रुतिबोधले वक्ताको मौखिक अभिव्यक्तिलाई श्रोताले सुनेर बुझ्ने प्रक्रियासँग सम्बन्ध राख्छ । भाषाका दुई पक्ष बोध र अभिव्यक्तिमध्ये श्रुतिबोध ग्रहण पक्षसँग सम्बन्धित हुन्छ । श्रुतिबोधलाई अभिव्यक्तिको पूर्वसर्तका रूपमा लिइन्छ । बोधविहीन सुनाइ प्रायः निरर्थक सावित हुन्छ (अधिकारी, २०५७:२६) । बोधविनाको श्रुतिलाई वास्तविक सुनाइ भन्न मिल्दैन । श्रुतिबोध मौखिक भाषा भएकाले यसमा आवश्यकताअनुसार वक्ताले हाउभाउ, अङ्ग सञ्चालन, लय, आघात जस्ता भाषिकेत्तर तत्त्वलाई मूल भाषिक अभिव्यक्तिसँग मिलाएर बुझ्ने कोसिस गर्नु पर्दछ । श्रुतिबोधविनाको अभिव्यक्तिमा अर्थको अनर्थ लाग्न सक्छ । जुन कुरालाई राम्रोसँग सुनिदैन र बुझिदैन त्यसलाई राम्ररी व्यक्त गर्न पनि सकिँदैन । श्रुतिबोधमा देखापर्ने कमजोरीले गर्दा व्यक्तिको सोचाइ, बोलाइ र काम गराइमा समेत गलत असर पर्न जाने हुन्छ । श्रुतिबोधको राम्रो विकास भएमा बोलाइ र सोचाइ मात्र नभई पढाइ र

लेखाइ जस्ता भाषाका अन्य सीपहरूमा पाइने कतिपय कमजेरी हटाउन र ती सीपको विकासमा आवश्यक हुने भाषिक दक्षतागत पृष्ठभूमि तयार पार्न धेरै सहयोग पुग्छ ।

विशेषगरी प्रारम्भिक कक्षाहरूमा विद्यार्थीहरूको ज्ञानआर्जन गर्ने महत्त्वपूर्ण माध्यम श्रुतिबोध नै हो । यसैगरी माथिल्ला कक्षाहरूमा पनि श्रुतिबोधको आवश्यकता र महत्त्व रहेकै हुन्छ । यस्ता कक्षाहरूमा लिखित सामग्रीको सस्वरवाचन सुनेर बुझ्न सक्ने क्षमताको पनि खाँचो पर्छ । श्रुतिबोध ग्रहणात्मक सीपको पहिलो खुड्किलो हो (अधिकारी र शर्मा, २०६१:४४) । विद्यार्थीले जति बढी मात्रामा सुन्ने र सुनाउने अवसर पाउँछन् त्यति नै उनीहरूमा श्रुतिबोध क्षमताको विकास हुन सक्छ ।

निचोडमा के भन्न सकिन्छ भने श्रुतिबोध एकातिर भाषा शिक्षणको बलियो आधारशीला हो भने अर्कातिर ज्ञानआर्जनको महत्वपूर्ण माध्यम पनि हो । श्रुतिबोधसम्बन्धी कमजोरीले विद्यार्थीहरूको बोलाइ, पढाइ र भाषा विकासको समग्र पक्षमा नै नराम्रो असर पर्न सक्ने हन्छ । यसप्रकार श्रुतिबोधलाई भाषाविकास एवम् ज्ञानविकासको अनिवार्य तत्त्वको रूपमा लिइनुपर्छ ।

## २.२.२ पठनबोध

लिपिबद्ध भाषामा उतारिएका सामग्री पढेर बुझ्नुलाई पठनबोध भनिन्छ । लिपिबद्ध दृश्यात्मक भाषामा उतारिएका ज्ञान एवम सूचनालाई मस्तिष्कले सङ्गठित गरेर अर्थबोध गर्नुलाई नै पठनबोध भनिन्छ । पठनबोध लिखित सामग्रीलाई पढेर त्यसको मूलमर्म बुझ्नुसँग सम्बन्धित हुन्छ । पठनबोध प्रक्रियामा आँखा, दृश्यात्मक प्रतीक (अक्षर, शब्द, पदावली, वाक्य आदि) अर्थानुसन्धान यी तीन कुराको संलग्नता हुने हुँदा यसलाई एक जटिल एवम् चुनौतिपूर्ण मानसिक कार्य मान्न सकिन्छ । लिखित सामग्रीमा लेखकले अभिव्यक्त गरेका अर्थ वा विभिन्न तत्त्वहरूलाई पाठकले एकसाथ आफ्नो मस्तिष्कमा धारण गर्ने काम पठनबोधमा हुन्छ ।

पठनबोध कुनै भाषिक व्यवस्थाअन्तर्गत अभिव्यक्त विचारलाई ग्रहण गर्ने महत्त्वपूर्ण सीप हो । बोधविनाको पढाइको प्रयोजन शून्य हुन्छ । पठनबोधमा भाषिक व्यवस्थाअनुसार शब्दहरूको अर्थ

निर्धारण गर्ने र उक्त अर्थलाई त्यस भाषाको व्यापक ढाँचामा सम्बद्ध गराई लेखकका मनमा भएका सम्बन्धित विचारहरूको प्रक्रियामा सर्वप्रथम आँखा र मस्तिष्कका सहायताले ग्रहण गर्ने काम हुन्छ । त्यसपछि मस्तिष्कमा त्यसको अर्थ निर्माण भई प्रतीकबाट बोध हुन्छ । पठनबोध गर्ने क्रममा पाठको अक्षर, शब्द, पदावली र वाक्यको पहिचानका साथै आफ्नो बोधक्षमताको अनुभवका आधारमा तिनको सङ्गठन गर्ने र अर्थ लगाउने कार्य गर्दछ । यसरी पढ्नु भनेको अर्को अर्थमा बुझ्नु हो । त्यस पठित सामग्रीको अर्थ ग्रहण गर्नु हो । कुनै सामग्री पढेपछि त्यसबाट जे-जस्तो अवधारणा मस्तिष्कमा रहन्छ त्यो नै यथार्थमा पठनबोध हो ।

## २.३ पठनबोधको महत्त्व

पठनबोध लिखित सामग्रीलाई पढेर त्यसको अभिव्यक्तिको मूलमर्म बुझ्नुसँग सम्बन्धित छ । बोधविनाको पढाइ अर्थहिन हुन जान्छ । ज्ञान आर्जन गर्ने सबैभन्दा महत्त्वपूर्ण आधार पठनबोध नै हो । आजको संसारमा हाम्रोसामु ज्ञान विज्ञानका क्षेत्रमा भएका नयाँ-नयाँ विचार र दृष्टिकोण लिपिबद्ध रूपमा आइरहेका हुन्छन् । यस्ता सामग्रीहरूलाई पढेर बुझ्नको लागि पनि पठनबोध क्षमताको आवश्यकता पर्छ । विद्यार्थीहरूमा जबसम्म लिखित सामग्रीलाई पढेर बुझ्ने क्षमताको विकास हुन सक्दैन तबसम्म साहित्य, कला, संस्कृति, राजनीति, अर्थनीति तथा नयाँ-नयाँ आविष्कार एवम् अनुसन्धानबाट प्राप्त विभिन्न क्षेत्रका ज्ञानविज्ञान एवम् प्रविधिसम्बन्धी सूचनाहरूबाट प्रायः वञ्चित हुनुपर्ने भएकाले पनि पठनबोधको महत्त्व अरू बढी मात्रामा रहेको देखिन्छ । विद्यार्थीहरू जतिजति माथिल्ला कक्षाहरूमा पुग्छन् उतिउति पठनबोध क्षमताको बढी आवश्यकता पर्छ । उच्चस्तरीय बौद्धिक क्षमताको विकासको लागि पठनबोध क्षमता झन उपयुक्त मानिन्छ । पठनबोध क्षमतालाई ज्ञान आर्जनका रूपमा मात्र नभई मनोरञ्जन प्राप्तिका रूपमा पनि लिन सकिन्छ । विद्यार्थीहरूमा पठनबोध क्षमताको विकासले उनीहरूमा विभिन्न साहित्यिक विधा कथा, कविता, नाटक, उपन्यास, निबन्ध आदि पढेर साहित्यिक आस्वादन लिन तथा मानसिक विकास गर्न महत्त्वपूर्ण सहयोग पुग्छ । शब्दभण्डारको विकास गर्न, नयाँ-नयाँ शब्दहरूको निर्माण गर्न तथा प्रसङ्गअनुसार शब्दहरूको प्रयोग गर्न पनि पठनबोध क्षमताको विकासले सहयोग पुग्छ । यसैगरी पठनबोध क्षमताको विकासले विद्यार्थीहरूमा भाषाका अन्य

सीप सुनाइ, बोलाइ र लेखाइमा पनि सुधार हुँदै जान्छ र समग्रमा उनीहरूको चौतर्फी बौद्धिक तथा भाषिक विकासमा मद्दत पुग्छ ।

## २.४ पठनबोधका चरणहरू

पठनबोधलाई प्रारम्भिक चरण र उत्तरवर्ती चरण गरी दुई भागमा वर्गीकरण गर्ने प्रचलन रहेको छ । प्रारम्भिक चरणमा शिक्षार्थीहरू सस्वरपठनद्वारा पठनबोध क्षमताको विकासतर्फ उन्मुख हुन्छन् भने उत्तरवर्ती चरणमा मौन पठनद्वारा पठनबोध क्षमताको विकासमा अग्रसर देखिन्छन् । प्रारम्भिक चरणमा भन्दा उत्तरवर्ती चरणमा अभ्यास एवम् अनुभवका कारण पाठकको पठनबोध क्षमतामा बढी परिपक्वता देखापर्छ । पढाइको पहिलो एकाइका रूपमा अक्षर, शब्द र पदावलीलाई लिइन्छ । यस क्रममा सुरुको पढाइको गति र यति दुवै न्यून हुने र क्रमशः वाक्यस्तरमा पुग्दा वृद्धि हुँदै जान्छ । यसप्रकार पठनबोधका लागि अक्षर, शब्द, पदावली र वाक्यको क्रमिकता रहने कुरा स्पष्ट हुन्छ ।

पठनबोधका चरणहरूलाई निम्नानुसार उल्लेख गर्न सकिन्छ :

**क) पहिचान**

पहिचानलाई पठनबोधको प्रथम चरण्का रूपमा लिन सकिन्छ । यो पढाइ सीपअन्तर्गतको सुरुको अवस्था हो । यस चरणमा विद्यार्थीहरूले शब्दलाई पनि अक्षर-अक्षरमा छुट्याएर पढ्छन् । उनीहरू शब्दलाई बिस्तारै बिस्तारै दोहोऱ्याई तेहेऱ्याई पढ्ने गर्छन् । कतिपय विद्यार्थी वर्णविन्यासमा अपरिचित हुने हुनाले पठनका क्रममा बीचबीचमा अडिने गर्छन् । शब्दलाई समग्रतामा नभई पृथक रूपमा पहिचान गर्ने प्रयास गर्छन् । पहिचानको यस चरणमा रहेका विद्यार्थीहरूलाई पठनबोधको दृष्टिले प्रारम्भिक वर्गअन्तर्गत राख्न सकिन्छ ।

**ख) सङ्गठन**

सङ्गठनको चरणलाई पठनबोध क्षमताको विकासको दृष्टिले पहिचानको चरणभन्दा विकसित चरणका रूपमा लिन सकिन्छ । यस चरणमा आइपुग्दा विद्यार्थीहरू अक्षर र शब्दको पहिचान मात्र नभएर वाक्यमा प्रयुक्त शब्दहरूको अन्तरसम्बन्ध पनि बुझ्न थाल्दछन् । यस चरणमा शिक्षार्थीले शब्द, पदावली र वाक्यको परस्पर आवद्धतालाई समेत पहिल्याउन थाल्छन् । उनीहरू पढ्दा आवश्यक हुने गति र यतिका नियमहरूलाई खोजी सोहिअनुरूप पढ्न सक्छन् ।

वाक्यमा पदक्रम नमिलेको अवस्था रहेछ भने पनि त्यसलाई सच्याएर पढ्ने कोसिस गर्छन् । पठनबोधका दृष्टिले यस चरणका विद्यार्थीलाई मध्यम वर्गअन्तर्गत राख्न सकिन्छ ।

**ग) अर्थानुसन्धान**

अर्थानुसन्धान पठनबोध क्षमता विकासको अन्तिम अर्थात उच्चतम चरण हो । अधिक अभ्यास र अनुभवद्वारा खारिएका प्रौढ पाठकहरू नै यस चरणमा प्रवेश गर्न सक्षम हुन्छन् । विद्यार्थीहरूमा पहिचान र सङ्गठन गर्ने क्षमताको विकासबाट नै अर्थानुसन्धान गर्ने क्षमता प्राप्त हुन्छ । यस चरणमा विद्यार्थीले जटिल एवम बौद्धिक किसिमको भाषिक सामग्रीलाई पनि गति र यति मिलाई सस्वर एवम् मौनवाचन गरी त्यसअन्तर्गतको विषयवस्तुको मूलमर्म वा विचारलाई बुझ्नसमेत सक्षम हुन्छन् । यस चरणमा प्रवेश पाएका विद्यार्थीलाई पठनबोधका दृष्टिकोणले उच्च वर्गअन्तर्गत राख्न सकिन्छ ।

## २.५ पठनबोधमा प्रभाव पार्ने तत्त्वहरू

भाषिक सीपअन्तर्गत पर्ने एक महत्त्वपूर्ण पक्षका रूपमा पठनबोधलाई लिने गरिन्छ । कुनै खास तह र कक्षाका सम्पूर्ण विद्यार्थीहरूमा समान गतिमा पठनबोध क्षमताको विकास भएको हुँदैन । यसो हुनुका पछाडि विभिन्न कारणहरू रहेका हुन्छन् । यस्ता कारणहरूलाई यहाँ पठनबोधका प्रभावक तत्त्वका रूपमा चर्चा गरिएको छ । यी तत्त्वहरू निम्नानुसार रहेका छन् :

### २.५.१ सामग्रीको छनोट

पाठ्यसामग्रीको छनोटलाई पठनबोध क्षमताको विकासमा प्रभाव पार्ने प्रमुख तत्त्वका रूपमा लिन सकिन्छ । पाठ्यसामग्रीबाट पठनबोध क्षमता जाँचका लागि दृष्टांश र अदृष्टांश सामग्रीको छनोट गरिन्छ । पाठ्यसामग्रीको छनोट गर्दा विद्यार्थीहरूको रुचि, चाहना, आवश्यकता, क्षमता एवम् स्तरअनुकूल हुनुपर्छ । यसो नभए विद्यार्थीहरूको पठनबोध क्षमताको उचित विकास हुन सक्दैन । दृष्टांश सामग्रीको छनोट गर्दा सम्बन्धित तह वा कक्षाका पाठ्यपुस्तकबाटै अथवा यसभन्दा अघि अध्ययन भइसकेका पाठ्यपुस्तकबाट तयार गरिन्छ भने अदृष्टांश पाठ्यसामग्री छनोट गर्दा सम्बन्धित पाठ्यपुस्तकबाहेकका लेखरचना, निबन्ध, जीवनी, पत्रपत्रिका, चिठीपत्र जस्ता क्षेत्रहरूबाट छनोट गरिन्छ । सामग्रीको छनोटमा पद्यभन्दा गद्य, भावुकभन्दा बौद्धिक, संज्ञानात्मकभन्दा तथ्यपरक प्रकृतिका सामग्रीको छनोट गर्नु उपयुक्त हुन्छ । उपर्युक्त

कुराहरूलाई ध्यान नपुऱ्याई सामग्रीको छनोट गरिएको खण्डमा विद्यार्थीहरूको वास्तविक पठनबोध क्षमताको मापन नहुने हुँदा पाठ्यसामग्रीको छनोट यस किसिमको अध्ययनमा प्रभाव पार्ने एक महत्त्वपूर्ण तत्त्व हो ।

**२.५.२ विद्यार्थीको शारीरिक, मानसिक एवम् संवेगात्मक अवस्था**

कुनै पनि विषयवस्तु पढेर त्यसभित्रका सार कुरा ग्रहण गर्नका लागि जति बढी मात्रामा शारीरिक एवम् मानसिक रूपबाट स्वस्थ रहेको विद्यार्थीले सक्दछ त्यति अन्धा, अपाङ्ग, बहिरा एवम् मानसिक सन्तुलन गुमाएका विद्यार्थीहरूबाट सम्भव हुँदैन । शारीरिक दुर्बलताका कारणले कतिपय अवस्थामा विद्यार्थीहरूलाई आफ्नै जीवनदेखि नै वितृष्णा आउन सक्छ जसका कारणले गर्दा एक त उनीहरूलाई पढाइप्रति मन जाँदैन र पढिहाले पनि पढेका कुरा सम्झन सक्दैनन् । त्यसैगरी संवेगात्मक विचलन भएका विद्यार्थीहरूले पनि पढेका कुराहरू राम्ररी ग्रहण गर्न सक्दैनन् । यसका विपरीत जुन विद्यार्थी शारीरिक, मानसिक एवम् संवेगात्मक रूपबाट सु-स्वास्थ्य एवम् सन्तुलित हुन्छ, उसमा पढेका कुराको सारतत्त्व ग्रहण गर्ने क्षमता प्रबल रहन सक्ने भएकाले उक्त तत्त्वलाई पढनबोध क्षमतामा प्रभाव पार्ने तत्त्वका रूपमा लिन सकिन्छ ।

**२.५.३ वातावरण**

वातावरणलाई पठनबोध क्षमताको विकासमा प्रभाव पार्ने सबैभन्दा महत्त्वपूर्ण तत्त्वका रूपमा लिइन्छ । विद्यार्थीहरूले शान्त, खुल्ला एवम् स्वच्छ वातावरणमा रहेर पढेका कुरा जति बढी मात्रामा स्मरण गर्न सक्छन् त्यतिमात्रामा कोलाहलयुक्त, तनावपूर्ण र सङ्कुचित वातावरणमा पक्कै पनि सम्भव हुँदैन । पठनबोध क्षमता विकासको महत्त्वपूर्ण उपाय वा तरिका मौनपठन भएकाले पनि शान्त वातावरणको आवश्यकता पर्न जान्छ । बोधविहीन पढाइ अर्थहिन हुने, अनुकूल वातावरणविना पठनबोध असम्भव हुने र पठनबोधविना राष्ट्रको शैक्षिक लगानीको औचित्य नै समाप्त हुने भएकाले पनि स्वच्छ एवम् शान्त वातावरणको आवश्यकतालाई नकार्न सकिँदैन । अतः अनुकूल वातावरण नै पढाइप्रति उत्साह जगाउने एक प्रभावकारी प्रेरक तत्त्व भएकाले पठनबोधको विकासमा वातावरणको भूमिका महत्त्वपूर्ण रहने कुरा स्पष्ट छ ।

### २.५.४ अभ्यास

अभ्यासले हरेक कुराको सफलतामा मुख्य भुमिका खेल्छ । पठनबोध क्षमताको विकासमा पनि प्रशस्त मात्रामा अभ्यास आवश्यक भएकाले यसलाई पठनबोध क्षमता विकासमा प्रभाव पार्ने प्रमुख तत्त्वको रूपमा लिइन्छ । पठनबोध एक किसिमको सीप हो । सीप भन्ने कुरा जति बढी मात्रामा अभ्यास गऱ्यो त्यति नै परिष्कार र परिमार्जन हुँदै जान्छ । सीप वा कलालाई जति उपयोगमा ल्याउन छाड्यो त्यति त्यो कुण्ठित र सीमित हुँदै जान्छ । यसका विपरीत पढाइ वा अभ्यासलाई जति निरन्तरता दिनसक्यो बोध क्षमता उति नै प्रबल भएर जान्छ । यस अर्थमा पठन एउटा कला र पठनबोध ग्रहणीय कार्य हो । पठनबोध मानसिक प्रक्रिया हो । विद्यार्थीहरूलाई जति बढी मात्रामा भाषिक, साहित्यिक वा अन्य सन्दर्भ सामग्रीहरूमा निरन्तर अभ्यास गराउँदै लान सक्यो त्यति नै बढी मात्रामा उनीहरूमा पढाइप्रतिको अभिरुचि बढ्दै जाने र पढेका कुराको सारतत्त्व ग्रहण गर्न सक्ने क्षमता पनि सबल बन्दै जाने हुँदा पठनबोध क्षमताको विकासका लागि उनीहरूको पढ्ने बानी वा अभ्यासको विकास गर्नु नितान्त आवश्यक देखिन्छ ।

### २.५.५ उत्प्रेरणा

पठनबोध क्षमताको विकासमा प्रभाव पार्ने अर्को महत्त्वपूर्ण तत्त्वको रूपमा उत्प्रेरणालाई पनि लिइन्छ । भनिन्छ उत्प्रेरणाविनाको कुनै पनि सिकाइ उपलब्धिविहीन हुन्छ । व्यक्तिमा उत्प्रेरणा जागृत भएमा मात्र पनि पचास प्रतिशत सिकाइ सिक्न सक्दछ । पठनबोध क्षमताको विकासका लागि दण्ड, पुरस्कार र सबलीकृत कार्यक्रमका माध्यमले विद्यार्थीहरूमा उत्प्रेरणा अभिवृद्धि गर्ने प्रक्रिया अपनाउनु पर्छ । अतः पठनबोध क्षमताको विकासमा प्रभाव पार्ने तत्त्वका रूपमा उत्प्रेरणालाई पनि एउटा प्रभावकारी तत्त्व मान्न सकिन्छ ।

# अध्यायः तीन

# व्याख्या तथा विश्लेषण

## ३.१ पठनबोध क्षमताको व्याख्या तथा विश्लेषण

प्रस्तुत अध्ययनमा कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको पठनबोध क्षमता पहिल्याउने उद्देश्य राखिएको छ । उक्त उद्देश्य पूर्तिका लागि मोरङ जिल्लाको दक्षिण-पूर्वी भागका ४ सार्वजनिक र २ निजी गरी जम्मा ६ विद्यालयका छात्र-छात्रा गरी जम्मा ५० जना विद्यार्थीहरूबाट आवश्यक तथ्यहरू सङ्कलन गरी त्यसैका आधारमा तुलनात्मक रूपमा व्याख्या एवम् विश्लेषण गरिएको छ । प्रत्येक विद्यालयका विद्यार्थीहरूको नाम, प्राप्ताङ्क, प्राप्ताङ्क प्रतिशत, लिङ्ग र भाषा समेटिएका तालिकाहरू छुट्टाछुट्टै रूपमा देखाइएको छ । यसै आधारमा प्रत्येक विद्यालयका विद्यार्थीहरूको पठनबोध क्षमतासम्बन्धी प्राप्ताङ्कको व्याख्या तालिकाको लगतै मुनी गरिएको छ । यसपछि मात्र समग्र विद्यार्थीहरूको प्राप्ताङ्कका आधारमा व्याख्या तथा विश्लेषण गरिएको छ । विद्यार्थीबाट प्राप्त तथ्याङ्कलाई प्रतिशत गणना, मध्यमान, मानक विचलन र विभिन्न चलहरूका बीच तुलनात्मक व्याख्या गर्न परीक्षणसहितको साङ्ख्यिकीय विधि प्रयोग गरी व्याख्या विश्लेषण गरिएको छ ।

यस अध्ययनमा सम्पूर्ण विद्यार्थीहरूले प्राप्त गरेको प्राप्ताङ्कका आधारमा व्याख्या तथा विशलेषण गरिएको हुँदा उक्त प्राप्ताङ्क तालिकालाई यस अध्यायमा समावेश गर्नु सान्दर्भिक ठानिएकाले त्यसलाई निम्नानुसार प्रस्तुत गरिएको छ :

**पठनबोध क्षमताको परीक्षण**

**प्राप्ताङ्क तालिका**

विद्यालयः श्री वीरेन्द्र सार्वजनिक उच्च मा.वि. अमरदह, मोरङ समयः ३०मि.

पूर्णाङ्कः

कक्षा : ८ दृष्टांश : २०

विद्यार्थी सं.: १० अदृष्टांशः २०

| क.सं. | विद्यार्थीको नाम | छात्र/छात्रा | भाषा | दृश्टांश प्राप्ताङ्क | | अदृश्टांश प्राप्ताङ्क | |
|---|---|---|---|---|---|---|---|
| | | | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| १ | विवेक चौलागाई | छात्र | नेपाली | १२ | ६० | १८ | ९० |
| २ | मिलन अधिकारी | छात्र | नेपाली | १८ | ९० | १९ | ९५ |
| ३ | सन्तोषकुमार बास्तोला | छात्र | नेपाली | १७ | ८५ | १५ | ७५ |
| ४ | सागर मुर्मु | छात्र | सन्थाल | १५ | ७५ | १९ | ९५ |
| ५ | वीरेन्द्र राजवंशी | छात्र | राजवंशी | १६ | ८० | १८ | ९० |
| ६ | इन्दिरा थापा | छात्रा | नेपाली | १४ | ७० | १९ | ९५ |
| ७ | लक्ष्मी विष्ट | छात्रा | नेपाली | १७ | ८५ | १९ | ९५ |
| ८ | ललिता राजवंशी | छात्रा | राजवंशी | ८ | ४० | १३ | ६५ |
| ९ | दीपा श्रेष्ठ | छात्रा | नेवारी | १७ | ८५ | १८ | ९० |
| १० | शुशिला यादव | छात्रा | मैथिली | १२ | ६० | १८ | ९० |

माथि प्रस्तुत गरिएको तालिकामा श्री वीरेन्द्र सार्वजनिक उच्च मा.वि. अमरदह, मोरङका कक्षा आठमा पढ्ने विद्यार्थीहरूमध्ये १० जना विद्यार्थीहरूलाई यस अध्ययनका लागि नमुनाका रूपमा छनोट गरिएको छ । जसअनुसार छात्रहरूको सङ्ख्या ५ र छात्राहरूको सङ्ख्या पनि ५ जना नै रहेको छ । यसै गरी नेपाली मातृभाषी विद्यार्थीहरूको सङ्ख्या ५ छ भने नेपाली विमातृभाषी विद्यार्थीहरूको सङ्ख्या पनि ५ नै छ । दृष्टांश र अदृष्टांश दुवै प्राप्ताङ्कको औसत अङ्क १६.१ छ । दृष्टांश र अदृष्टांश दुवैको पूर्णाङ्क २०-२० रहेको छ । दृष्टांश र अदृष्टांश पठनबोध

क्षमता तर्फ विद्यार्थीहरूको प्राप्ताङ्कको मध्यमान १४.६ रहेको छ भने अदृष्टांशतर्फ विद्यार्थीहरूको प्राप्ताङ्कको मध्यमान १७.६ हुन आउँछ । यसरी समग्रमा पठनबोध क्षमताभन्दा विद्यार्थीहरूको अदृष्टांश पठनबोध क्षमता बढी रहेको पाइन्छ ।

लैङ्गिक आधारमा हेर्दा यस विद्यालयका विद्यार्थीहरूले दृष्टांश र अदृष्टांश दुवैबाट समग्ररूपमा प्राप्त गरेको प्राप्ताङ्कको मध्यमान छात्रतर्फ १६.७ र छात्रातर्फ १५.५ रहेको देखिन्छ । यसैगरी दृष्टांश पठनबोध क्षमतालाई मात्र केलाएर हेर्दा छात्रहरूले प्राप्त गरेको प्राप्ताङ्कको मध्यमान १५.६ रहेको छ भने छात्राहरूले प्राप्त गरेको प्राप्ताङ्कको मध्यमान १३.६ रहेको पाइन्छ । अर्कातिर अदृष्टांश पठनबोध क्षमतालाई नियाल्दा छात्रहरूले प्राप्त गरेको प्राप्ताङ्कको मध्यमान १७.८ रहेको देखिन्छ भने छात्राहरूको प्राप्ताङ्कको मध्यमान १७.४ रहेको छ ।

भाषिक पृष्ठभूमिका आधारमा हेर्दा यस विद्यालयका विद्यार्थीहरूले दृष्टांश र अदृष्टांश दुवै तिरबाट समग्ररूपमा प्राप्त गरेको प्राप्ताङ्कको मध्यमान नेपाली मातृभाषी विद्यार्थीतर्फ १६.८ र नेपाली विमातृभाषी विद्यार्थीतर्फ १५.४ रहेको छ । यसैगरी दृष्टांश पठनबोध क्षमतालाई मात्र विश्लेषण गर्दा नेपाली मातृभाषी विद्यार्थीहरूले प्राप्त गरेको प्राप्ताङ्कको मध्यमान १५.६ रहेको छ भने नेपाली विमातृभाषी विद्यार्थीहरूले प्राप्त गरेको पठनबोधसम्बन्धी क्षमताको मध्यमान १३.६ रहेको देखिन्छ । अर्कातिर अदृष्टांश पठनबोध क्षमतालाई केलाउँदा नेपाली मातृभाषी विद्यार्थीहरूले प्राप्त गरेको प्राप्ताङ्कको मध्यमान १८ रहेको छ भने नेपाली विमातृभाषी विद्यार्थीहरूको प्राप्ताङ्कको मध्यमान १७.२ रहेको देखिन्छ ।

यसरी समग्रमा हेर्दा यस विद्यालयका विद्यार्थीहरूले प्राप्त गरेको पठनबोध क्षमतासम्बन्धी प्राप्ताङ्कबाट के स्पष्ट हुन्छ भने उक्त विद्यालयका विद्यार्थीहरूको दृष्टांशभन्दा अदृष्टांश पठनबोध क्षमता राम्रो रहेको देखिन्छ । यसैगरी समग्रमा छात्राको भन्दा छात्रको पठनबोध क्षमता राम्रो देखिन्छ भने नेपाली विमातृभाषी विद्यार्थीहरूको पठनबोध क्षमताभन्दा नेपाली मातृभाषी विद्यार्थीहरूको पठनबोध क्षमता उच्च रहेको पाइन्छ ।

**पठनबोध क्षमताको परीक्षण**

**प्राप्ताङ्क तालिका**

विद्यालयः श्री जनता माध्यमिक विद्यालय, गान्धीआश्रम, मोरङ समयः ३०मि.

पूर्णाङ्कः

कक्षा : ८ दृष्टांश : २०

विद्यार्थी सं.: १० अदृष्टांशः २०

| क्र.सं. | विद्यार्थीको नाम | छात्र/छात्रा | भाषा | दृश्टांश प्राप्ताङ्क | | अदृश्टांश प्राप्ताङ्क | |
|---|---|---|---|---|---|---|---|
| | | | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| १ | सुजन शिवाकोटी | छात्र | नेपाली | ११ | ५५ | १२ | ६० |
| २ | अनिल न्यौपाने | छात्र | नेपाली | १२ | ६० | १२ | ६० |
| ३ | महेन्द्र किस्कू | छात्र | सन्थाल | १७ | ८५ | १८ | ९० |
| ४ | धनराज राजंवशी | छात्र | राजवंशी | १६ | ८० | १८ | ९० |
| ५ | अनिलकुमार महतो | छात्र | मैथिली | १७ | ८५ | १३ | ६५ |
| ६ | अनिता लिम्बू | छात्रा | लिम्बू | १३ | ६५ | १२ | ६० |
| ७ | सुनिताकुमारी राजवंशी | छात्रा | राजवंशी | १४ | ७० | १६ | ८० |
| ८ | सविना रिजाल | छात्रा | नेपाली | १४ | ७० | १६ | ८० |
| ९ | मेनुका उप्रेती | छात्रा | नेपाली | १३ | ६५ | १२ | ६० |
| १० | उषा पाठक | छात्रा | नेपाली | १८ | ९० | १८ | ९० |

उपर्युक्त तालिकाअनुसार श्री जनता माध्यमिक विद्यालय, गान्धीआश्रम, मोरङका कक्षा आठमा पढ्ने विद्यार्थीहरूमध्ये १० जना विद्यार्थीहरूलाई यस पठनबोधसम्बन्धी अध्ययनका लागि नमुनाका रूपमा छनोट गरिएको छ। यहाँ छात्रहरूको सङ्ख्या ५ र छात्राहरूको सङ्ख्या पनि ५ नै रहेको छ । यसैगरी नेपाली मातृभाषी विद्यार्थीहरू र नेपाली विमातृभाषी विद्यार्थीहरूको सङ्ख्या पनि ५-५ नै रहेको छ । पठनबोध क्षमता मापनका लागि दृष्टांश र अदृष्टांश दुवै प्रश्नतर्फ २०-२० पूर्णाङ्क कायम गरिएको छ । विद्यार्थीहरूले प्राप्त गरेको प्राप्ताङ्कलाई

विश्लेषण गर्दा दृष्टांश र अदृष्टांश दुवैतर्फको पठनबोध क्षमताको समग्र मध्यमान १४.६ रहेको छ । दृष्टांश पठनबोध क्षमता तर्फ विद्यार्थीहरूको प्राप्ताङ्कको मध्यमान १४.५ रहेको छ भने अदृष्टांशतर्फको प्राप्ताङ्कको मध्यमान १४.७ रहेको छ ।

लैङ्गिक आधारमा यस विद्यालयका विद्यार्थीहरूले प्राप्त गरेको पठनबोध क्षमतालाई केलाउँदा छात्रतर्फ दृष्टांश र अदृष्टांश दुवैको समग्र मध्यमान १४.६ रहेको छ भने छात्रातर्फ पनि १४.६ नै रहेको देखिन्छ । यसैगरी दृष्टांश पठनबोध क्षमतालाई मात्र केलाएर हेर्दा छात्रहरूले पाप्त गरेको प्राप्ताङ्कको मध्यमान १४.६ रहेको पाइन्छ भने छात्राहरूको प्राप्ताङ्कको मध्यमान १४.४ रहेको छ । अर्कातिर अदृष्टांश पठनबोध क्षमतालाई विश्लेषण गर्दा छात्रहरूले प्राप्त गरेको प्राप्ताङ्कको मध्यमान १४.६ रहेको छ भने छात्राहरूले प्राप्त गरेको प्राप्ताङ्कको मध्यमान १४.८ रहेको छ ।

भाषिक पृष्ठभूमिका आधारमा हेर्दा यस विद्यालयका विद्यार्थीहरूको दृष्टांश र अदृष्टांश दुवैतिरबाट समग्र रूपमा प्राप्त गरेको प्राप्ताङ्कको मध्यमान नेपाली मातृभाषी विद्यार्थीतर्फ १३.८ र नेपाली विमातृभाषी विद्यार्थीतर्फ १५.४ रहेको छ । यसैगरी दृष्टांश पठनबोध क्षमतालाई मात्र विश्लेषण गर्दा नेपाली मातृभाषी विद्यार्थीहरूको पठनबोध क्षमताको मध्यमान १३.६ रहेको छ भने नेपाली विमातृभाषी विद्यार्थीहरूको प्राप्ताङ्कको मध्यमान १५.४ रहेको छ । अर्कातिर अदृष्टांश पठनबोध क्षमतालाई केलाउँदा नेपाली मातृभाषी विद्यार्थीहरूले प्राप्त गरेको प्राप्ताङ्कको मध्यमान १४ रहेको छ भने नेपाली विमातृभाषी विद्यार्थीहरूको प्राप्ताङ्कको मध्यमान १५.४ रहेको छ ।

यसप्रकार समग्रमा विचार गर्दा यस विद्यालयका विद्यार्थीहरूले प्राप्त गरेको पठनबोधसम्बन्धी क्षमताको प्राप्ताङ्कबाट के कुरा स्पष्ट हुन आउँछ भने उक्त विद्यालयका विद्यार्थीहरूको दृष्टांश पठनबोध क्षमताभन्दा अदृष्टांश पठनबोध क्षमता केही बढी रहेको छ । यसैगरी समग्रमा छात्र तथा छात्रा दुवैको पठनबोध क्षमता बराबरी नै देखिन्छ भने नेपाली मातृभाषी विद्यार्थीहरूको भन्दा नेपाली विमातृभाषी विद्यार्थीहरूको पठनबोध क्षमता राम्रो रहेको देखिन्छ ।

**पठनबोध क्षमताको परीक्षण**

**प्राप्ताङ्क तालिका**

विद्यालयः श्री सार्वजनिक नि.मा.वि. गोविन्दपुर, मोरङ समयः ३०मि.

पूर्णाङ्कः

कक्षा : ८ दृष्टांश : २०

विद्यार्थी सं.: ७ अदृष्टांशः २०

| क.सं. | विद्यार्थीको नाम | छात्र/छात्रा | भाषा | दृश्टांश प्राप्ताङ्क | | अदृश्टांश प्राप्ताङ्क | |
|---|---|---|---|---|---|---|---|
| | | | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| १ | रविन खड्का | छात्र | नेपाली | १३ | ६५ | १८ | ९० |
| २ | योगेन्द्र राजवंशी | छात्र | राजवंशी | १२ | ६० | ८ | ४० |
| ३ | निरज श्रेष्ठ | छात्र | नेवारी | १४ | ७० | १८ | ९० |
| ४ | इन्दिरा कार्की | छात्रा | नेपाली | ११ | ५५ | ७ | ३५ |
| ५ | अम्बिका खड्का | छात्रा | नेपाली | १५ | ७५ | १४ | ७० |
| ६ | सपना ढकाल | छात्रा | नेपाली | ११ | ५५ | १५ | ७५ |
| ७ | सृजना राजवंशी | छात्रा | राजवंशी | ७ | ३५ | १७ | ८५ |

माथि प्रस्तुत गरिएको तालिकाअनुसार श्री सार्वजनिक नि.मा.वि. गोविन्दपुर मोरङका कक्षा आठमा पढ्ने विद्यार्थीहरूमध्ये ७ जना विद्यार्थीहरूलाई यस पठनबोधसम्बन्धी अध्ययनका लागि नमुनाका रूपमा छनोट गरिएको छ । जसअनुसार छात्रहरू ३ जना र छात्राहरू ४ जना रहेका छन् । यसैगरी नेपाली मातृभाषी विद्यार्थीहरूको सङ्ख्या ४ रहेको छ भने नेपाली विमातृभाषी विद्यार्थीहरूको सङ्ख्या ३ रहेको छ । पठनबोध क्षमता मापनका लागि दृष्टांश र अदृष्टांश दुवै प्रश्नका लागि २०-२० पूर्णाङ्क तोकिएको छ । विद्यार्थीहरूबाट प्राप्त प्राप्ताङ्कलाई सङ्ख्या र प्रतिशत दुवैमा देखाइएको छ । तालिकामा प्रस्तुत गरिएको प्राप्ताङ्कलाई विश्लेषण गर्दा दृष्टांश र अदृष्टांश दुवैतर्फको पठनबोध क्षमताको समग्र मध्यमान १२.८५ रहेको छ । दृष्टांश

पठनबोधतर्फ विद्यार्थीहरूको प्राप्ताङ्कको मध्यमान ११.८५ रहेको छ भने अदृष्टांशतर्फको प्राप्ताङ्कको मध्यमान १३.८५ रहेको छ ।

यस विद्यालयका विद्यार्थीहरूले प्राप्त गरेको पठनबोध क्षमतालाई लैङ्गिक आधारमा केलाउँदा छात्रतर्फ दृष्टांश र अदृष्टांश दुवैको समग्र मध्यमान १३.८३ रहेको देखिन्छ भने छात्रातर्फको मध्यमान १२.१२ रहेको पाइन्छ । यसैगरी दृष्टांश पठनबोध क्षमतालाई मात्र विश्लेषण गर्दा छात्रहरूले प्राप्त गरेको प्राप्ताङ्कको मध्यमान १३ रहेको छ भने छात्राहरूले प्राप्त गरेको प्राप्ताङ्कको मध्यमान ११ रहेको छ । अर्कातिर अदृष्टांश पठनबोध क्षमतालाई केलाउँदा छात्रहरूको प्राप्ताङ्कको मध्यमान १४.६६ रहेको छ भने छात्राहरूको प्राप्ताङ्कको मध्यमान १३.२५ रहेको छ ।

भाषिक पृष्ठभूमिका आधारमा हेर्दा यस विद्यालयका विद्यार्थीहरूले दृष्टांश र अदृष्टांश दुवैतर्फबाट समग्र रूपमा प्राप्त गरेको प्राप्ताङ्कको मध्यमान नेपाली मातृभाषी विद्यार्थीहरूको १३ रहेको छ भने नेपाली विमातृभाषी विद्यार्थीहरूको समग्र मध्यमान १२.६६ रहेको छ । यसैगरी दृष्टांश पठनबोध क्षमतालाई मात्र केलाउँदा नेपाली मातृभाषी विद्यार्थीहरूको पठनबोध क्षमताको मध्यमान १२.५ र नेपाली विमातृभाषी विद्यार्थीहरूको पठनबोध क्षमताको मध्यमान ११ रहेको पाइन्छ । अर्कातिर अदृष्टांश पठनबोध क्षमतालाई विश्लेषण गर्दा नेपाली मातृभाषी विद्यार्थीहरूको प्राप्ताङ्कको मध्यमान १३.५ र नेपाली विमातृभाषी विद्यार्थीहरूको प्राप्ताङ्कको मध्यमान १४.३३ रहेको देखिन्छ ।

यसरी समग्रमा विचार गर्दा यस विद्यालयका विद्यार्थीहरूले प्राप्त गरेको पठनबोधसम्बन्धी क्षमताको प्राप्ताङ्कबाट के कुरा स्पष्ट हुन आउँछ भने उक्त विद्यालयका विद्यार्थीहरूको दृष्टांश पठनबोध क्षमताभन्दा अदृष्टांश पठनबोध क्षमता उच्च रहेको देखिन्छ । यसैगरी समग्रमा छात्र तथा छात्राबीचको पठनबोध क्षमतातर्फ विचार गर्दा छात्राको भन्दा छात्रको पठनबोध क्षमता राम्रो रहेको छ । यसैगरी यस विद्यालयका नेपाली विमातृभाषी विद्यार्थीहरूको भन्दा नेपाली मातृभाषी विद्यार्थीहरूको पठनबोध क्षमता केही राम्रो देखिन्छ ।

**पठनबोध क्षमताको परीक्षण**

**प्राप्ताङ्क तालिका**

विद्यालयः श्री सुगाहाट नि.मा.वि. अमरदह,मोरङ समयः ३०मि.

पूर्णाङ्कः

कक्षा : ८ दृष्टांश : २०

विद्यार्थी सं : ७ अदृष्टांश : २०

| क्र.स | विद्यार्थीको नाम | छात्र/छात्रा | भाषा | दृष्टांश प्राप्ताङ्क | | अदृष्टांश प्राप्ताङ्क | |
|---|---|---|---|---|---|---|---|
| | | | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| १ | प्रकाश अधिकारी | छात्र | नेपाली | १६ | ८० | १९ | ९५ |
| २ | युवराज कार्की | छात्र | नेपाली | १७ | ८५ | १३ | ६५ |
| ३ | नेत्रराज अधिकारी | छात्र | नेपाली | १८ | ९० | १८ | ९० |
| ४ | अनिल यादव | छात्र | मैथिली | १२ | ६० | १० | ५० |
| ५ | संगीता श्रेष्ठ | छात्रा | नेवारी | १२ | ६० | १७ | ८५ |
| ६ | यमकला राई | छात्रा | राई | १० | ५० | १२ | ६० |
| ७ | सुलेखा ठाकुर | छात्रा | मैथिली | ११ | ५५ | १७ | ८५ |

माथि उल्लिखित तालिकामा प्रस्तुत गरिएको तथ्याङ्कअनुसार श्री सुगाहाट नि.मा.वि. हसन्दह, मोरङका कक्षा आठमा पढ्ने विद्यार्थीमध्ये ७ जनालाई यस पठनबोधसम्बन्धी अध्ययनका लागि नमुना विद्यार्थीका रूपमा छनोट गरिएको छ । जसअनुसार छात्रहरू ४ जना र छात्राहरू ३ जना रहेका छन् । यसैगरी नेपाली मातृभाषी विद्यार्थीहरूको सङ्ख्या ३ रहेको छ भने नेपाली

विमातृभाषी विद्यार्थीहरूको सङ्ख्या ४ रहेको छ । पठनबोध क्षमता मापनका लागि दृष्टांश र अदृष्टांश दुवै प्रश्नका लागि २०-२० पूर्णाङ्क तोकिएको छ । विद्यार्थीहरूको प्राप्ताङकलाई सङ्ख्या र प्रतिशत दुवैमा देखाइएको छ । तालिकामा प्रस्तुत गरिएको विद्यार्थीहरूको प्राप्ताङ्कलाई विश्लेषण गरेर हेर्दा दृष्टांश र अदृष्टांश दुवैतर्फको पठनबोध क्षमताको समग्र मध्यमान १४.४२ रहेको छ । दृष्टांश पठनबोध क्षमतातर्फ विद्यार्थीहरूको प्राप्ताङ्कको मध्यमान १३.७१ रहेको छ भने अदृष्टांश पठनबोध क्षमतातर्फको प्राप्ताङ्कको मध्यमान १५.१४ रहेको छ ।

लैङ्गिक आधारमा यस विद्यालयका विद्यार्थीहरूले प्राप्त गरेको पठनबोध क्षमतालाई केलाउँदा छात्रतर्फ दृष्टांश र अदृष्टांश दुवैको समग्र मध्यमान १५.३७ रहेको देखिन्छ भने छात्रातर्फको समग्र मध्यमान १३.१६ रहेको छ । यसैगरी दृष्टांश पठनबोध क्षमतालाई मात्र हेर्दा छात्रहरूले प्राप्त गरेको प्राप्ताङ्कको मध्यमान १५.७५ रहेको पाइन्छ भने छात्राहरूको प्राप्ताङ्कको मध्यमान ११ मात्र रहेको देखिन्छ । अर्कातिर अदृष्टांश पठनबोध क्षमतालाई केलाउँदा छात्रहरूको प्राप्ताङ्कको मध्यमान १५ रहेको छ भने छात्राहरूको प्राप्ताङ्को मध्यमान १५.३३ रहेको पाइन्छ ।

भाषिक पृष्ठभूमिका आधारमा हेर्दा यस विद्यालयका विद्यार्थीहरूले दृष्टांश र अदृष्टांश दुवैतर्फबाट समग्र रूपमा प्राप्त गरेको प्राप्ताङ्कको मध्यमान नेपाली मातृभाषी विद्यार्थीहरूको १६.८३ रहेको छ भने नेपाली विमातृभाषी विद्यार्थीहरूको प्राप्ताङ्कको मध्यमान १२.६२ रहेको छ । यसैगरी द्ष्टांश पठनबोध क्षमतालाई मात्र विश्लेषण गर्दा नेपाली मातृभाषी विद्यार्थीहरूको प्राप्ताङ्को मध्यमान १७ रहेको छ भने नेपाली विमातृभाषी विद्यार्थीहरूको प्राप्ताङ्कको मध्यमान ११.२५ रहेको छ । अर्कातिर अदृष्टांश पठनबोध क्षमतालाई मात्र विश्लेषण गर्दा नेपाली मातृभाषी विद्यार्थीहरूको प्राप्ताङ्कको मध्यमान १६.६६ रहेको देखिन्छ भने नेपाली विमातृभाषी विद्यार्थीहरूको प्राप्ताङ्कको मध्यमान १४ रहेको छ ।

यसरी यस विद्यालयका विद्यार्थीहरूले प्राप्त गरेको पठनबोध क्षमतासम्बन्धी प्राप्ताङ्कलाई समग्रमा विश्लेषण गर्दा के तथ्य फेलापार्न सकिन्छ भने उक्त विद्यालयका विद्यार्थीहरूको दृष्टांश पठनबोध क्षमताभन्दा अदृष्टांश पठनबोध क्षमता उच्च रहेको पाइन्छ । यसैगरी समग्रमा छात्र तथा छात्राबीचको पठनबोध क्षमतातर्फ विचार गर्दा छात्राहरूको पठनबोध क्षमताभन्दा छात्रहरूको पठनबोध क्षमता राम्रो रहेको देखिन्छ । यसैगरी यस विद्यालयका नेपाली मातृभाषी विद्यार्थीहरूको पठनबोध क्षमता नेपाली विमातृभाषी विद्यार्थीहरूको भन्दा उच्च रहेको पाइन्छ ।

## पठनबोध क्षमताको परीक्षण
## प्राप्ताङ्क तालिका

विद्यालय: श्री अरनिको मेमोरियल इङ्गलिश स्कुल अमरदह,मोरङ — समय: ३०मि.

पूर्णाङ्क:

कक्षा : ८ — दृष्टांश : २०

विद्यार्थी सं : ८ — अदृष्टांश : २०

| क.स. | विद्यार्थीको नाम | छात्र/छात्रा | भाषा | दृष्टांश प्राप्ताङ्क | | अदृष्टांश प्राप्ताङ्क | |
|---|---|---|---|---|---|---|---|
| | | | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| १ | मदन थापा | छात्र | नेपाली | १९ | ९५ | १७ | ८५ |
| २ | सन्देश बस्नेत | छात्र | नेपाली | १९ | ९५ | १७ | ८५ |
| ३ | सलबहादुर राजवंशी | छात्र | राजवंशी | १२ | ६० | १७ | ८५ |
| ४ | विपेश साह | छात्र | मैथिली | १४ | ७० | १८ | ९० |
| ५ | अनु लुइटेल | छात्रा | नेपाली | १६ | ८० | १९ | ९५ |
| ६ | भावना रायामाझी | छात्रा | नेपाली | १३ | ६५ | ८ | ४० |
| ७ | आरती साह | छात्रा | मैथिली | १५ | ७५ | १८ | ९० |
| ८ | द्रोपती राजवंशी | छात्रा | राजवंशी | १४ | ७० | १६ | ८० |

उपर्युक्त तालिकामा देखाइएअनुसार श्री अरनिको मेमोरियल इङ्लिश स्कुल अमरदह, मोरङ्का कक्षा आठमा पढ्ने विद्यार्थीमध्ये ८ जनालाई यस पठनबोधसम्बन्धी अध्ययनका लागि नमुना विद्यार्थीका रूपमा छनोट गरिएको छ । जसअनुसार ४ जना छात्र र ४ जना छात्रा रहेका छन । यसैगरी नेपाली मातृभाषी विद्यार्थीहरूको सङ्ख्या ४ रहेको छ भने नेपाली विमातृभाषी विद्यार्थीहरूको सङ्ख्या पनि ४ नै रहेको छ । विद्यार्थीहरूको पठनबोध क्षमता मापनका लागि दृष्टांश र अदृष्टांश दुवैतर्फको प्रश्नका लागि २०-२० पूर्णाङ्क निर्धारण गरिएको छ ।

विद्यार्थीहरूको प्राप्ताङ्कलाई सङ्ख्या र प्रतिशत दुवैमा देखाइएको छ । माथिको तालिकामा प्रस्तुत गरिएको विद्यार्थीहरूको प्राप्ताङ्कलाई विश्लेषण गरेर हेर्दा दृष्टांश र अदृष्टांश दुवैतर्फको पठनबोध क्षमताको समग्र मध्यमान १५.७५ रहेको छ । दृष्टांश पठनबोध क्षमतातर्फ विद्यार्थीहरूको प्राप्ताङ्कको मध्यमान १५.२५ रहेको छ भने अदृष्टांश पठनबोध क्षमतातर्फ विद्यार्थीहरूको प्राप्ताङ्कको मध्यमान १६.२५ रहेको पाइन्छ ।

लैङ्गिक आधारमा यस विद्यालयका विद्यार्थीहरूले प्राप्त गरेको पठनबोध क्षमतालाई विश्लेषण गर्दा छात्रतर्फ दृष्टांश र अदृष्टांश दुवैको समग्र मध्यमान १६.६२ रहेको छ । छात्रातर्फको समग्र मध्यमान भने १४.८७ रहेको देखिन्छ । यसैगरी दृष्टांश पठनबोध क्षमतालाई मात्र हेर्दा छात्रहरूले प्राप्त गरेको प्राप्ताङ्कको मध्यमान १६ रहेको छ भने छात्राहरूको प्राप्ताङ्कको मध्यमान १४.५ रहेको छ । अर्कातिर अदृष्टांश पठनबोध क्षमतालाई केलाउँदा छात्रहरूको प्राप्ताङ्कको मध्यमान १७.२५ रहेको देखिन्छ भने छात्राहरूको प्राप्ताङ्कको मध्यमान १५.२५ रहेको पाइन्छ ।

भाषिक पृष्ठभूमिका आधारमा हेर्दा यस विद्यालयका विद्यार्थीहरूले दृष्टांश र अदृष्टांश दुवैतर्फबाट समग्र रूपमा प्राप्त गरेको मध्यमान नेपाली मातृभाषी विद्यार्थीहरूको १६ रहेको छ भने नेपाली विमातृभाषी विद्यार्थीहरूको प्राप्ताङ्कको समग्र मध्यमान १५.५ रहेको छ । यसैगरी दृष्टांश पठनबोध क्षमतालाई मात्र विश्लेषण गर्दा नेपाली मातृभाषी विद्यार्थीहरूको प्राप्ताङ्कको मध्यमान १६.७५ रहेको छ भने नेपाली विमातृभाषी विद्यार्थीहरूको प्राप्ताङ्कको मध्यमान १३.७५ रहेको छ । अर्कातिर अदृष्टांश पठनबोध क्षमताको मात्र विश्लेषण गर्दा नेपाली मातृभाषी विद्यार्थीहरूको प्राप्ताङ्कको मध्यमान १५.२५ रहेको छ भने नेपाली विमातृभाषी विद्यार्थीहरूको प्राप्ताङ्कको मध्यमान १७.२५ रहेको छ ।

यसरी यस विद्यालयका विद्यार्थीहरूले प्राप्त गरेको पठनबोध क्षमतासम्बन्धी प्राप्ताङ्कलाई समग्रमा विश्लेषण गर्दा के तथ्य फेलापार्न सकिन्छ भने उक्त विद्यालयका विद्यार्थीहरूको दृष्टांश पठनबोध क्षमताभन्दा अदृष्टांश पठनबोध क्षमता राम्रो रहेको देखिन्छ । यसैगरी समग्रमा छात्र

तथा छात्राबीचको पठनबोध क्षमतालाई तुलना गर्दा छात्राहरूको पठनबोध क्षमताभन्दा छात्रहरूको पठनबोध क्षमता उच्च रहेको देखिन्छ । यसैगरी यस विद्यालयका नेपाली विमातृभाषी विद्यार्थीहरूको पठनबोध क्षमताभन्दा नेपाली मातृभाषी विद्यार्थीहरूको पठनबोध क्षमता केही राम्रो रहेको पाइन्छ ।

## पठनबोध क्षमताको परीक्षण

## प्राप्ताङ्क तालिका

विद्यालयः श्री माउण्ट एभरेष्ट पब्लिक स्कुल अमरदह,मोरङ — समयः ३०मि.

पूर्णाङ्कः

कक्षा : ८ — दृष्टांश : २०

विद्यार्थी सं.: ८ — अदृष्टांशः २०

| क.सं. | विद्यार्थीको नाम | छात्र/छात्रा | भाषा | दृश्टांश प्राप्ताङ्क | | अदृश्टांश प्राप्ताङ्क | |
|---|---|---|---|---|---|---|---|
| | | | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| १ | सागर आचार्य | छात्र | नेपाली | १४ | ७० | १७ | ८५ |
| २ | अमन कार्की | छात्र | नेपाली | १२ | ६० | १५ | ७५ |
| ३ | सुनिल गन्गाई | छात्र | मौथिली | १२ | ६० | १६ | ८० |
| ४ | प्रेम राजवंशी | छात्र | राजवंशी | १३ | ६५ | १३ | ६५ |
| ५ | निलिमा बास्तोला | छात्रा | नेपाली | १८ | ९० | १७ | ८५ |
| ६ | रुजा भण्डारी | छात्रा | नेपाली | १७ | ८५ | १० | ५० |
| ७ | सरिता सुब्बा | छात्रा | लिम्बू | १० | ५० | १० | ५० |
| ८ | सृजना राजवंशी | छात्रा | राजवंशी | १७ | ८५ | १५ | ७५ |

माथि प्रस्तुत गरिएको तालिकामा देखाइएअनुसार श्री माउण्ट एभरेण्ट पब्लिक स्कुल अमरदह, मोरङका कक्षा आठमा पढ्ने विद्यार्थीमध्ये ८ जनालाई यस पठनबोधसम्बन्धी अध्ययनका लागि नमुना विद्यार्थीका रूपमा छनोट गरिएको छ । जसअनुसार ४ जना छात्र र ४ जना छात्राहरू रहेका छन् । नेपाली मातृभाषी विद्यार्थीहरूको सङ्ख्या ४ रहेको छ भने नेपाली विमातृभाषी विद्यार्थीहरूको सङ्ख्या पनि ४ नै रहेको छ । विद्यार्थीहरूको पठनबोध क्षमता मापनका लागि दृष्टांश र अदृष्टांश दुवैतर्फको प्रश्नका लागि २०-२० पूर्णाङ्क निर्धारण गरिएको छ ।

विद्यार्थीहरूको प्राप्ताङ्कलाई सङ्ख्या र प्रतिशत दुवैमा देखाइएको छ । माथिको तालिकामा प्रस्तुत गरिएको विद्यार्थीहरूको पठनबोधसम्बन्धी प्राप्ताङ्कलाई विश्लेषण गरेर हेर्दा दृष्टांश र अदृष्टांश दुवैतर्फको पठनबोध क्षमताको समग्र मध्यमान १४.१२ रहेको छ । दृष्टांश पठनबोध क्षमतातर्फ विद्यार्थीहरूको प्राप्ताङ्कको मध्यमान १४.१२ रहेको छ भने अदृष्टांश पठनबोध क्षमतातर्फ विद्यार्थीहरूको प्राप्ताङ्कको मध्यमान पनि १४.१२ नै रहेको देखिन्छ ।

लैङ्गिक आधारमा यस विद्यालयका विद्यार्थीहरूले प्राप्त गरेको पठनबोध क्षमतालाई विश्लेषण गर्दा छात्रतर्फ दृष्टांश र अदृष्टांश दुवैको समग्र मध्यमान १४ रहेको छ भने छात्रातर्फको समग्र मध्यमान १४.२५ रहेको देखिन्छ । यसैगरी दृष्टांश पठनबोध क्षमतालाई मात्र केलाउँदा छात्रहरूको प्राप्ताङ्कको मध्यमान १२.७५ रहेको देखिन्छ भने छात्राहरूको प्राप्ताङ्कको मध्यमान १५.५ रहेको छ । अर्कातिर अदृष्टांश पठनबोध क्षमतातर्फ मात्र विचार गर्दा छात्रहरूको प्राप्ताङ्कको मध्यमान १५.२५ रहेको देखिन्छ भने छात्राहरूको प्राप्ताङ्कको मध्यमान १३ रहेको छ ।

भाषिक पृष्ठभूमिका आधारमा विश्लेषण गर्दा यस विद्यालयका विद्यार्थीहरूले दृष्टांश र अदृष्टांश दुवैतर्फबाट समग्र रूपमा प्राप्त गरेको प्राप्ताङ्कको मध्यमान नेपाली मातृभाषी विद्यार्थीहरूको १५ रहेको देखिन्छ भने नेपाली विमातृभाषी विद्यार्थीहरूको प्राप्ताङ्कको समग्र मध्यमान १३.२५ रहेको पाइन्छ । यसैगरी दृष्टांश पठनबोध क्षमतालाई मात्र विश्लेषण गर्दा नेपाली मातृभाषी विद्यार्थीहरूको प्राप्ताङ्कको मध्यमान १५.२५ र नेपाली विमातृभाषी विद्यार्थीहरूको प्राप्ताङ्कको मध्यमान १३ रहेको देखिन्छ । अर्कातिर अदृष्टांश पठनबोध क्षमतालाई मात्र केलाउँदा नेपाली मातृभाषी विद्यार्थीहरूको प्राप्ताङ्कको मध्यमान १४.७५ रहेको छ भने नेपाली विमातृभाषी विद्यार्थीहरूको प्राप्ताङ्कको मध्यमान १३.५ रहेको देखिन्छ ।

यसरी यस विद्यालयका विद्यार्थीहरूले प्राप्त गरेको पठनबोधसम्बन्धी क्षमताको प्राप्ताङ्कलाई समग्रमा विश्लेषण गर्दा के तथ्य प्रष्ट हुन जान्छ भने उक्त विद्यालयका विद्यार्थीहरूको दृष्टांश पठनबोध क्षमता र अदृष्टांश पठनबोध क्षमता बराबरी रहेको छ । यसैगरी छात्र तथा

छात्राबीचको समग्र पठनबोध क्षमतालाई तुलना गर्दा छात्रहरूको पठनबोध क्षमताभन्दा छात्राहरूको पठनबोध क्षमता केही राम्रो देखिन्छ । अर्कातिर यस विद्यालयका नेपाली मातृभाषी विद्यार्थीहरूको पठनबोध क्षमता नेपाली विमातृभाषी विद्यार्थीहरूको पठनबोध क्षमताभन्दा उच्च रहेको देखिन्छ ।

## ३.२ समग्र विद्यार्थीहरूको पठनबोध क्षमताको स्थिति

### ३.२.१ प्रतिशतका आधारमा समग्र विद्यार्थीहरूको पठनबोध क्षमताको स्थिति

**तालिका नं. १**

| कूल सङ्ख्या | २५ प्रतिशतभन्दा कम | | २५ देखि ५० प्रतिशतसम्म | | ५० प्रतिशतभन्दा बढी | | ७५ प्रतिशतभन्दा बढी | |
|---|---|---|---|---|---|---|---|---|
| | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| ५० | x | x | ५ | १० | २१ | ४२ | २४ | ४८ |

माथि प्रस्तुत गरिएको तालिकाअनुसार प्रतिनिधि छनोटमा परेका कूल ५० जना विद्यार्थीमध्ये २५ प्रतिशतभन्दा कम पठनबोध क्षमता भएका विद्यार्थीहरूको सङ्ख्या शून्य देखिन्छ । २५ प्रतिशतभन्दा माथि र ५० प्रतिशतभन्दा कम पठनबोध क्षमता भएका विद्यार्थीहरूको सङ्ख्या १० प्रतिशत रहेको छ । ५० प्रतिशतभन्दा माथि र ७५ प्रतिशतभन्दा कम पठनबोध क्षमता भएका विद्यार्थीहरूको सङ्ख्या ४२ प्रतिशत रहेको छ । यसैगरी ७५ प्रतिशतभन्दा बढी पठनबोध क्षमता भएका विद्यार्थीहरूको सङ्ख्या ४८ प्रतिशत रहेको देखिन्छ । यसरी ५० प्रतिशतभन्दा कम पठनबोध क्षमता भएका विद्यार्थीहरू १० प्रतिशत मात्र देखिनु र ५० प्रतिशतभन्दा बढी पठनबोध क्षमता भएका विद्यार्थीहरूको सङ्ख्या ९० प्रतिशत देखिनुले समग्रमा विद्यार्थीहरूको पठनबोध क्षमता राम्रो रहेको देखिन्छ ।

### ३.२.२ मध्यमान र मानक विचलनका आधारमा समग्र विद्यार्थीहरूको पठनबोध क्षमताको स्थिति

**तालिका नं. २**

| कूल सङ्ख्या | मध्यमान | मानक विचलन | मध्यमानभन्दा माथि | | मध्यमानभन्दा तल | |
|---|---|---|---|---|---|---|
| | | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| ५० | १४.७४ | ३.०४ | २८ | ५६ | २२ | ४४ |

उपर्युक्त तालिकाअनुसार नमुना छनोटमा परेका जम्मा ५० जना विद्यार्थीहरूको पठनबोध क्षमताको समग्र मध्यमान १४.७४ रहेको छ भने मानक विचलन ३.०४ रहेको देखिन्छ । मध्यमानलाई आधार मानी समग्र विद्यार्थीहरूलाई मध्यमाभन्दा माथि र मध्यमानभन्दा तल वर्गीकरण गरेर हेर्दा सम्पूर्ण विद्यार्थीहरूमध्ये ५६ प्रतिशत विद्यार्थीहरू मध्यमानभन्दा माथि र ४४ प्रतिशत विद्यार्थीहरू मध्यमानभन्दा तल देखिन्छन् । मध्यमानभन्दा माथि विद्यार्थीहरूको सङ्ख्या बढी र मध्यमानभन्दा तल कम विद्यार्थी सङ्ख्या रहेकाले विद्यार्थीहरूको पठनबोध क्षमतालाई राम्रै मान्न सकिन्छ । त्यसैगरी मानक विचलनका आधारमा विद्यार्थीहरूको पठनबोध क्षमतालाई केलाउँदा समग्र मानक विचलन ३.०४ देखिन्छ । यसप्रकार मानक विचलन कम देखिनुले पनि विद्यार्थीहरूको पठनबोध क्षमताबीच खास भिन्नता नदेखिनुले यसलाई ठीकै मान्न सकिन्छ ।

## ३.३ विद्यार्थीहरूको दृष्टांश पठनबोध क्षमताको स्थिति

### ३.३.१ प्रतिशतका आधारमा विद्यार्थीहरूको दृष्टांश पठनबोध क्षमताको स्थिति

**तालिका नं. ३**

| कूल सङ्ख्या | २५ प्रतिशतभन्दा कम | | २५ देखि ५० प्रतिशतसम्म | | ५० प्रतिशतदेखि ७५ प्रतिशतसम्म | | ७५ प्रतिशतभन्दा बढी | |
|---|---|---|---|---|---|---|---|---|
| ५० | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| | x | x | ४ | ८ | २८ | ५६ | १८ | ३६ |

माथि प्रस्तुत गरिएको तालिकामा विद्यार्थीहरूको दृष्टांश पठनबोध क्षमताको स्थिति देखाइएको छ । विद्यार्थीहरूको दृष्टांश पठनबोध क्षमतालाई प्रतिशतमा गणना गरी हेर्दा कूल ५० जना विद्यार्थीहरूमध्ये २५ प्रतिशतभन्दा कम दृष्टांश पठनबोध क्षमता भएका विद्यार्थीहरूको सङ्ख्या शून्य छ । २५ प्रतिशतभन्दा बढी र ५० प्रतिशतभन्दा कम पठनबोध क्षमता भएका विद्यार्थीको सङ्ख्या ८ प्रतिशत रहेको देखिन्छ । त्यसैगरी ५० प्रतिशतभन्दा बढी र ७५ प्रतिशतभन्दा कम पठनबोध क्षमता भएका विद्यार्थीहरू ५६ प्रतिशत र ७५ प्रतिशतभन्दा बढी पठनबोध क्षमता भएका विद्यार्थीहरूको सङ्ख्या ३६ प्रतिशत रहेको देखिन्छ । यसरी हेर्दा धेरै प्रतिशत विद्यार्थीहरूको दृष्टांश पठनबोध क्षमता ५० प्रतिशतभन्दा बढी देखिनुले विद्यार्थीहरूको दृष्टांश पठनबोध क्षमतालाई राम्रो मान्न सकिन्छ ।

### ३.३.२ मध्यमान र मानक विचलनका आधारमा विद्यार्थीहरूको दृष्टांश पठनबोध क्षमताको स्थिति

**तालिका नं. ४**

| कूल सङ्ख्या | मध्यमान | मानक विचलन | मध्यमानभन्दा माथि | | मध्यमानभन्दा तल | |
|---|---|---|---|---|---|---|
| | | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| ५० | १४.१ | २.८२ | २१ | ४२ | २९ | ५८ |

माथि दिइएको तालिकाअनुसार नमुना छनोटमा परेका जम्मा ५० जना विद्यार्थीहरूको दृष्टांश पठनबोध क्षमताको मध्यमान १४.१ र मानक विचलन २.८२ रहेको छ । मध्यमानलाई आधार मानेर हेर्दा मध्यमानभन्दा माथि ४२ प्रतिशत विद्यार्थीहरू र मध्यमानभन्दा तल ५८ प्रतिशत विद्यार्थीहरू रहेका देखिन्छन् । धेरै विद्यार्थीहरूको दृष्टांश पठनबोध क्षमता मध्यमानभन्दा तल रहनु र थोरै विद्यार्थीहरूको पठनबोध क्षमता मध्यमानभन्दा माथि रहनुले कक्षा आठका विद्यार्थीहरूको दृष्टांश पठनबोध क्षमता केही कमजोर रहेको देखिन्छ । मानक विचलनका आधारमा विद्यार्थीहरूको दृष्टांश पठनबोध क्षमतालाई हेर्दा मानक विचलन २.८२ मात्र देखिनुले विद्यार्थीहरूको दृष्टांश पठनबोध क्षमतामा खासै ठूलो अन्तर देखिदैन ।

## ३.४ विद्यार्थीहरूको अदृष्टांश पठनबोध क्षमताको स्थिति

### ३.४.१ प्रतिशतको आधारमा विद्यार्थीको अदृष्टांश पठनबोध क्षमताको स्थिति

**तालिका नं. ५**

| कूल सङ्ख्या | २५ प्रतिशतभन्दा कम | | २५ देखि ५० प्रतिशतसम्म | | ५० देखि ७५ प्रतिशतसम्म | | ७५ प्रतिशत भन्दा बढी | |
|---|---|---|---|---|---|---|---|---|
| | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| ५० | × | × | ६ | १२ | १४ | २८ | ३० | ६० |

उपर्युक्त तालिकाअनुसार विद्यार्थीहरूको अदृष्टांश पठनबोध क्षमतालाई हेर्दा २५ प्रतिशतभन्दा कम पठनबोध क्षमता भएका विद्यार्थीहरूको सङ्ख्या शूल्य देखिन्छ । २५ देखि ५० प्रतिशतसम्म पठनबोध क्षमता भएका विद्यार्थीहरू १२ प्रतिशत र ५० देखि ७५ प्रतिशतसम्म पठनबोध क्षमता भएका विद्यार्थीहरूको सङ्ख्या २८ प्रतिशत रहेको देखिन्छ । यसैगरी ७५ प्रतिशतभन्दा बढी पठनबोध क्षमता भएका विद्यार्थीहरूको सङ्ख्या ६० प्रतिशत रहेको छ । यसरी विद्यार्थीहरूको अदृष्टांश पठनबोध क्षमतालाई केलाउँदा ५० प्रतिशतभन्दा बढी पठनबोध क्षमता भएका विद्यार्थीहरूको सङ्ख्या प्रतिशतमा अधिक देखिएकाले विद्यार्थीहरूको अदृष्टांश पठनबोध क्षमता पनि सन्तोषजनक देखिन आउँछ ।

### ३.४.२ मध्यमान र मानक विचलनका आधारमा विद्यार्थीहरूको अदृष्टांश पठनबोध क्षमताको स्थिति

**तालिका न.६**

| कूल सङ्ख्या | मध्यमान | मानक विचलन | मध्यमानभन्दा माथि | | मध्यमानभन्दा तल | |
|---|---|---|---|---|---|---|
| | | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| ५० | १५.३८ | ३.२६ | ३४ | ६८ | १६ | ३२ |

माथि प्रस्तुत गरिएको तालिकामा विद्यार्थीहरूको अदृष्टांश पठनबोध क्षमताको मध्यमान र मानक विचलन दिइएको छ । कूल ५० जना विद्यार्थीहरूको अदृष्टांश पठनबोध क्षमताको मध्यमान १५.३८ र मानक विचलन ३.२६ रहेका छ । मध्यमानलाई आधार मानेर हेर्दा मध्यमानभन्दा माथि ६८ प्रतिशत र मध्यमानभन्दा तल पठनबोध क्षमता भएका विद्यार्थीहरू ३२ प्रतिशत देखिन्छन् । यसरी मध्यमानभन्दा माथि नै धेरै प्रतिशत विद्यार्थीहरू रहनुले कक्षा आठका विद्यार्थीहरूको अदृष्टांश पठनबोध क्षमता राम्रो रहेको देखिन्छ । यसैगरी मानक विचलन ३.२६ देखिनुले पनि विद्यार्थीहरूको पठनबोध क्षमतामा एकरूपता नै रहेको पाइन्छ।

### ३.४.३ सम्रग विद्यार्थीहरूको दृष्टांश र अदृष्टांश पठनबोध क्षमताको तुलना

**तालिका न.७**

| सम्पूर्ण विद्यार्थीहरूको सङ्ख्या ५० | दृष्टांश उद्धरण | अदृष्टांश उद्धरण |
|---|---|---|
| मध्यमान | १४.१ | १५.३८ |
| मनक विचलन | २.८२ | ३.२६ |

माथि प्रस्तुत गरिएको तालिकामा सम्रग विद्यार्थीहरूको दृष्टांश र अदृष्टांश पठनबोध क्षमताको तुलना गरिएको छ । विद्यार्थीहरूको दृष्टांश पठनबोध क्षमताको मध्यमान १४.१ रहेको छ भने अदृष्टांश पठनबोध क्षमताको मध्यमान १५.३८ रहेको छ । यी दुवै मध्यमानलाई दृष्टिगत गर्दा

दृष्टांश पठनबोध क्षमताको मध्यमान अदृष्टांश पठनबोध क्षमताको मध्यमानभन्दा केही कम रहेको देखिन्छ । यस आधारमा विद्यार्थीहरूको अदृष्टांश पठनबोध क्षमताभन्दा दृश्टांश पठनबोध क्षमता केही कम रहेको पाइन्छ । यसैगरी माथिको तालिकाअनुसार दृष्टांश र अदृष्टांश पठनबोध क्षमताको मानक विचलनलाई हेर्दा दृष्टांश उद्धरणको २.८२ र अदृष्टांश उद्धरणको ३.१६ रहेको छ । यी दुई मानक विचलनको तुलना गर्दा दृष्टांश पठनबोध क्षमताको प्राप्ताङ्कभन्दा अदृष्टांश पठनबोध क्षमताको प्राप्ताङ्क केही विचलित भएको पाइन्छ ।

### ३.५ समग्र मध्यमानका आधारमा विद्यार्थीहरूको पठनबोध क्षमताको समूहगत स्थिति

**तलिका नं. ८**

| कूल सङ्ख्या | समग्र मध्यमान | समूह | समूहगत सङ्ख्या | मध्यमानभन्दा माथि | | मध्यमानभन्दा तल | |
|---|---|---|---|---|---|---|---|
| | | | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| ५० | १४.७४ | क) लिङ्ग | | | | | |
| | | छात्र | २५ | १४ | ५६ | ११ | ४४ |
| | | छात्रा | २५ | १३ | ५२ | १२ | ४८ |
| | | ख) विद्यालयको प्रकृति | | | | | |
| | | सार्वजनिक | ३४ | १७ | ५० | १७ | ५० |
| | | निजी | १६ | ९ | ५६.२५ | ७ | ४३.७५ |
| | | ग)भाषिक पृष्ठभूमि | | | | | |
| | | नेपाली मातृभाषी | २५ | १४ | ५६ | ११ | ४४ |
| | | नेपाली विमातृभाषी | २५ | १२ | ४८ | १३ | ५२ |

माथि उल्लिखित तालिकाअनुसार नमुना छनोटमा परेका सार्वजनिक र निजी गरी ६ वटा विद्यालयका ५० जना विद्यार्थीहरूको पठनबोध क्षमताको समग्र मध्यमान १४.७४ रहेको छ। यो मध्यमानलाई आधार मानी लैङ्गिक आधारमा छात्र र छात्राहरू, विद्यालयको प्रकृतिका आधारमा सार्वजनिक र निजी विद्यालयका विद्यार्थीहरू र भाषिक पृष्ठभूमिका आधारमा नेपाली मातृभाषी र नेपाली विमातृभाषी विद्यार्थीहरूको छुट्टाछुट्टै समूह बनाई तिनीहरूको प्राप्ताङ्कका आधारमा व्याख्या तथा विश्लेषण गरिएको छ।

विद्यार्थीहरूलाई लैङगिक समूहमा बाँडेर हेर्दा छात्रतर्फ २५ र छात्रातर्फ पनि २५ जना विद्यार्थीहरू रहेका छन्। समग्र मध्यमान १४.७४ लाई आधार मानेर विश्लेषण गर्दा छात्रतर्फ ५६ प्रतिशत विद्यार्थीहरू मध्यमानभन्दा माथि र ४४ प्रतिशत विद्यार्थीहरू मध्यमानभन्दा तल देखिन्छन्। त्यसैगरी छात्रातर्फ ५२ प्रतिशत विद्यार्थीहरू मध्यमानभन्दा माथि र ४८ प्रतिशत

विद्यार्थीहरू मध्यमानभन्दा तल देखिन्छन् । यसरी हेर्दा छात्र तथा छात्रा दुवै समूहका विद्यार्थीहरूमध्ये धेरैजसो मध्यमानभन्दा माथि नै देखिएका र कमै विद्यार्थीहरू मध्यमानभन्दा तल देखिनुले विद्यार्थीहरूको पठनबोध क्षमतालाई ठीकै मान्न सकिन्छ । त्यस्तै छात्र र छात्राबीच तुलना गर्दा यी दुईको पठनबोध क्षमता बीच कुनै सार्थक अन्तर नदेखिनुले छात्र र छात्राबीचको पठनबोध क्षमतालाई समान नै मान्न सकिन्छ ।

यसैगरी विद्यार्थीहरूलाई विद्यालयको प्रकृतिका आधारमा बाँडेर हेर्दा सार्वजनिक विद्यालयका ३४ जना र निजी विद्यालयका १६ जना विद्यार्थीहरूलाई नमुनाका रूपमा छनोट गरिएको छ । समग्र मध्यमान १४.७४ लाई आधार मानेर हेर्दा सार्वजनिक विद्यालयका ५० प्रतिशत विद्यार्थीहरू मध्यमानभन्दा माथि र ५० प्रतिशत विद्यार्थीहरू मध्यमानभन्दा तल रहेका देखिन्छन् । यस तथ्याङ्कलाई विचार गर्दा मध्यमानभन्दा माथि र मध्यमानभन्दा तलको प्रतिशतको भिन्नता नदेखिएकाले सार्वजनिक विद्यालयका विद्यार्थीहरूको पठनबोध क्षमतालाई सन्तोषजनक नै मान्नु पर्ने देखिन्छ । निजी विद्यालयका विद्यार्थीलाई हेर्दा ५६.२५ प्रतिशत विद्यार्थीहरू मध्यमानभन्दा माथि र ४३.७५ प्रतिशत विद्यार्थीहरू मध्यमानभन्दा तल रहेका छन् । अल्पसङ्ख्यक विद्यार्थीहरू मात्र मध्यमानभन्दा तल देखिनुले निजी विद्यालयका विद्यार्थीहरूको पठनबोध क्षमतालाई राम्रो मान्न सकिन्छ ।

भाषिक पृष्ठभूमिको आधारमा हेर्दा नेपाली मातृभाषी २५ जना र नेपाली विमातृभाषी २५ जना विद्यार्थीहरूलाई सामेल गरिएको थियो । समग्र मध्यमान १४.७४ लाई आधार मानेर हेर्दा नेपाली मातृभाषी विद्यार्थीहरू ५६ प्रतिशत मध्यमानभन्दा माथि र ४४ प्रतिशत विद्यार्थीहरू मध्यमानभन्दा तल रहेका देखिन्छन् । मध्यमानभन्दा माथि धेरै प्रतिशत विद्यार्थीहरू र मध्यमानभन्दा तल थोरै प्रतिशत मात्र विद्यार्थीहरू रहनुले नेपाली मातृभाषी विद्यार्थीहरूको पठनबोध क्षमता राम्रो रहेको पाइन्छ । नेपाली विमातृभाषी तर्फ ४८ प्रतिशत विद्यार्थीहरू मध्यमानभन्दा माथि र ५२ प्रतिशत विद्यार्थीहरू मध्यमानभन्दा तल रहेको पाइन्छ । नेपाली विमातृभाषी विद्यार्थीहरूको प्रतिशत मध्यमानभन्दा माथि केही कम प्रतिशत र मध्यमान भन्दा तल केही बढी प्रतिशत रहेकाले त्यसलाई पठनबोध क्षमताको सामान्य अवस्थाका रूपमा लिन

सकिन्छ । नेपाली मातृभाषी विद्यार्थीहरूको पठनबोध क्षमता नेपाली विमातृभाषी विद्यार्थीहरूको भन्दा राम्रो रहेको देखिन्छ ।

## ३.६ समग्र मध्यमानका आधारमा विद्यार्थीहरूको समूहगत दृष्टांश पठनबोध क्षमताको स्थिति

**तालिका नं. ९**

| कूल सङ्या | समग्र मध्यमान | समूह | समूहगत सङ्ख्या | मध्यमानभन्दा माथि | | मध्यमानभन्दा तल | |
|---|---|---|---|---|---|---|---|
| | | | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| ५० | १४.१ | क) लिङ्ग | | | | | |
| | | छात्र | २५ | १२ | ४८ | १३ | ५२ |
| | | छात्रा | २५ | ९ | ३६ | १६ | ६४ |
| | | ख) विद्यालयको प्रकृति | | | | | |
| | | सार्वजनिक | ३४ | १४ | ४१.१८ | २० | ५८.८२ |
| | | निजी | १६ | ७ | ४३.७५ | ९ | ५६.२५ |
| | | ग) भाषिक पृष्ठभूमि | | | | | |
| | | नेपाली मातृभाषी | २५ | १३ | ५२ | १२ | ४८ |
| | | नेपाली विमातृभाषी | २५ | ८ | ३२ | १७ | ६८ |

उपर्युक्त तालिकामा नमुनाका रूपमा लिइएका विद्यार्थीहरूको सङ्ख्या ५० छ । दृष्टांश पठनबोध क्षमताको मध्यमान १४.१ रहेको छ । उक्त मध्यमानलाई आधारमानी समूहगत रूपमा विद्यार्थीहरूको दृष्टांश पठनबोध क्षमताको स्थिति निम्नानुसार देखिन आउँछ ।

विद्यार्थीहरूलाई लैङ्गिक रूपबाट छात्रा र छात्र समूहमा विभाजन गर्दा २५-२५ जना विद्यार्थीहरू रहेका छन् । दृष्टांश पठनबोध क्षमताको समग्र मध्यमान १४.१ लाई आधार मानेर हेर्दा छात्रतर्फ ४८ प्रतिशत मध्यमानभन्दा माथि र ५२ प्रतिशत मध्यमानभन्दा तल रहेका छन् । यस आधारमा मध्यमानभन्दा माथि र तलको प्रतिशतमा खासै फरक नदेखिनुले छात्रहरूको दृष्टांश पठनबोध क्षमता सामान्य नै रहेको मान्न सकिन्छ । छात्रातर्फ हेर्दा ३६

प्रतिशत मध्यमानभन्दा माथि र ६४ प्रतिशत मध्यमानभन्दा कम देखिन्छन् । मध्यमानभन्दा माथिको तुलनामा तलको प्रतिशत केही बढी देखिनुले छात्राहरूको दृष्टांश पठनबोध क्षमता केही खस्केको देखिए पनि छात्रहरूको भन्दा खासै अन्तर भने देखिदैन ।

विद्यालयको प्रकृतिको आधारमा सार्वजनिक विद्यालयतर्फ ३४ जना र निजी विद्यालयतर्फ १६ जना विद्यार्थीहरू नमुनाका रूपमा छनोट भएका छन् । मध्यमान १४.१ लाई आधार मानेर हेर्दा सार्वजनिक विद्यालयतर्फका ४१.१८ प्रतिशत विद्यार्थीहरू मध्यमानभन्दा माथि र ५८.८२ प्रतिशत विद्यार्थीहरू मध्यमानभन्दा तल रहेका छन् । मध्यमानभन्दा माथि कम सङ्ख्यामा विद्यार्थीहरू रहनु र मध्यमानभन्दा तल बढी विद्यार्थीहरू रहनुले सार्वजनिक विद्यालयका विद्यार्थीहरूको दृष्टांश पठनबोध क्षमता त्यति सन्तोषजनक देखिँदैन । निजी विद्यालयतर्फ ४३.७५ प्रतिशत विद्यार्थीहरू मध्यमानभन्दा माथि र ५६.२५ प्रतिशत विद्यार्थीहरू मध्यमानभन्दा तल रहेका छन् । मध्यमानभन्दा माथिको प्रतिशत सङ्ख्या मध्यमानभन्दा तलको प्रतिशत सङ्ख्याभन्दा कम देखिएकाले निजी विद्यालयका विद्यार्थीहरूको दृष्टांश पठनबोध क्षमता सन्तोषजनक नरहेको देखिन्छ । यसरी सार्वजनिक विद्यालय र निजी विद्यालयका विद्यार्थीहरूको दृष्टांश पठनबोध क्षमता उस्तै उस्तै नै देखिन्छ ।

भाषिक पृष्ठभूमिका आधारमा नेपाली मातृभाषी र नेपाली विमातृभाषी विद्यार्थीहरूलाई अलग-अलग समूहमा विभाजन गर्दा दुवै समूहको सङ्ख्या २५-२५ रहेको छ । नेपाली मातृभाषी विद्यार्थीहरू मध्यमानभन्दा माथि ५२ प्रतिशत र मध्यमानभन्दा तल ४८ प्रतिशत रहेका छन् । मध्यमानभन्दा माथि बढी र मध्यमानभन्दा तल कम प्रतिशत विद्यार्थीहरू रहेकाले नेपाली मातृभाषी विद्यार्थीहरूको दृष्टांश पठनबोध क्षमता राम्रो रहेको मान्न सकिन्छ । त्यसैगरी नेपाली विमातृभाषी विद्यार्थीहरूतर्फ हेर्दा मध्यमानभन्दा माथि ३२ प्रतिशत र मध्यमानभन्दा तल ६८ प्रतिशत विद्यार्थीहरू रहेका छन् । यसरी हेर्दा मध्यमानभन्दा माथिको प्रतिशत मध्यमानभन्दा तलको प्रतिशतभन्दा निकै कम रहेकाले नेपाली विमातृभाषी विद्यार्थीहरूको दृष्टांश पठनबोध क्षमता त्यति सन्तोषजनक देखिदैन । समग्रमा नेपाली मातृभाषी र विमातृभाषी विद्यार्थीहरूको

दृष्टांश पठनबोध क्षमताबीच तुलना गर्दा नेपाली मातृभाषी विद्यार्थीहरूको पठनबोध क्षमता राम्रो रहेको देखिन्छ ।

### ३.७ समग्र मध्यमानका आधारमा विद्यार्थीहरूको समूहगत अदृष्टांश पठनबोध क्षमताको स्थिति

**तालिका नं. १०**

| कूल सङ्ख्या | समग्र मध्यमान | समूह | समूहगत सङ्ख्या | मध्यमानभन्दा माथि | | मध्यमानभन्दा तल | |
|---|---|---|---|---|---|---|---|
| ५० | १५.३८ | क) लिङ्ग | | | | | |
| | | छात्र | २५ | १६ | ६४ | ९ | ३६ |
| | | छात्रा | २५ | १४ | ५६ | ११ | ४४ |
| | | ख) विद्यालयको प्रकृति | | | | | |
| | | सार्वजनिक | ३४ | २० | ५८.८२ | १४ | ४१.१८ |
| | | निजी | १६ | १० | ६२.५ | ६ | ३७.५ |
| | | ग)भाषिक पृष्ठभूमि | | | | | |
| | | नेपाली मातृभाषी | २५ | १४ | ५६ | ११ | ४४ |
| | | नेपाली विमातृभाषी | २५ | १६ | ६४ | ९ | ३६ |

माथि प्रस्तुत गरिएको तालिकामा कूल विद्यार्थी सङ्ख्या ५० रहेको छ । अदृष्टांश पठनबोध क्षमताको समग्र मध्यमान १५.३८ रहेको छ । अदृष्टांश पठनबोध क्षमताको मध्यमानलाई आधार मानेर हेर्दा विभिन्न समूहको पठनबोध क्षमता निम्नानुसार देखिन्छ । लिङ्गगत आधारमा विद्यार्थीहरूको पठनबोध क्षमतालाई केलाउँदा छात्रतर्फ २५ जना र छात्रातर्फ पनि २५ जना विद्यार्थीहरू रहेका छन् । अदृष्टांश पठनबोधको मध्यमान १५.३८ रहेको छ । यस मध्यमानलाई आधार मानेर हेर्दा छात्रतर्फ मध्यमानभन्दा माथि ६४ प्रतिशत विद्यार्थीहरू रहेका छन् भने मध्यमानभन्दा तल ३६ प्रतिशत रहेका छन् । मध्यमानभन्दा माथि धेरै र तल थोरै प्रतिशत विद्यार्थीहरू रहेका हुँदा समग्र अदृष्टांश पठनबोध क्षमतामा छात्रहरूको अवस्था राम्रो रहेको

मान्न सकिन्छ । त्यसैगरी ५६ प्रतिशत छात्राहरू मध्यमानभन्दा माथि र ४४ प्रतिशत मध्यमानभन्दा तल रहेकाले छात्राहरूको पठनबोध क्षमताको अवस्था पनि राम्रो रहेको पाइन्छ । यसरी छात्र र छात्राबीचको तुलना गर्दा समग्र अदृष्टांश पठनबोध क्षमता छात्रको केही बढी रहेको देखिन्छ ।

विद्यालयको प्रकृतिको आधारमा हेर्दा सार्वजनिक विद्यालयतर्फ ३४ जना र निजी विद्यालयतर्फ १६ जना विद्यार्थीहरू रहेका छन् । समग्र अदृष्टांश पठनबोध क्षमताको मध्यमान १५.३८ लाई आधार मानी हेर्दा सार्वजनिक विद्यालयका विद्यार्थीहरूको पठनबोध क्षमता मध्यमाभन्दा माथि ५८.८२ प्रतिशत र मध्यमानभन्दा तल ४१.१८ प्रतिशत विद्यार्थीहरू रहेका छन् । धेरै विद्यार्थीहरू मध्यमानभन्दा माथि र थोरै विद्यार्थीहरू मध्यमानभन्दा तल रहनुले सार्वजनिक विद्यालयका विद्यार्थीहरूको अदृष्टांश पठनबोध क्षमता राम्रै रहेको पाइन्छ । त्यसैगरी निजी विद्यालयतर्फ ६२.५ प्रतिशत विद्यार्थीहरू मध्यमानभन्दा माथि र ३७.५ प्रतिशत विद्यार्थीहरू मात्र मध्यमानभन्दा तल देखिन्छन् । यसप्रकार निजी विद्यालयका धेरैजसो विद्यार्थीहरू मध्यमानभन्दा माथि रहनुले उनीहरूको अदृष्टांश पठनबोध क्षमता राम्रो रहेको देखिन्छ ।

भाषिक पृष्ठभूमिका आधारमा विद्यार्थीहरूको अदृष्टांश पठनबोध क्षमतालाई हेर्दा नेपाली मातृभाषी विद्यार्थीहरूको सङ्ख्या २५ र नेपाली विमातृभाषी विद्यार्थीहरूको सङ्ख्या पनि २५ नै रहेको छ । मध्यमान १५.३८ लाई आधार मानेर हेर्दा नेपाली मातृभाषी विद्यार्थीहरूमध्ये ५६ प्रतिशत विद्यार्थीहरू मध्यमानभन्दा माथि र ४४ प्रतिशत विद्यार्थीहरू मध्यमानभन्दा तल देखिन्छन् । मध्यमानभन्दा माथि धेरै प्रतिशत विद्यार्थीहरू र मध्यमानभन्दा तल थोरै प्रतिशत विद्यार्थीहरू रहनुले नेपाली मातृभाषी विद्यार्थीहरूको अदृष्टांश पठनबोध क्षमता सन्तोषजनक नै रहेको पाइन्छ । त्यसैगरी नेपाली विमातृभाषी विद्यार्थीहरूमध्ये ६४ प्रतिशत विद्यार्थीहरू मध्यमानभन्दा माथि र ३६ प्रतिशत विद्यार्थीहरू मध्यमानभन्दा तल देखिएका छन् । यस तथ्यको आधारमा मध्यमानभन्दा माथि र मध्यमानभन्दा तलको प्रतिशतमा धेरै भिन्नता देखिएकाले नेपाली विमातृभाषी विद्यार्थीहरूको अदृष्टांश पठनबोध क्षमता राम्रो रहेको मान्न सकिन्छ ।

# अध्याय : चार

# तुलनात्मक विश्लेषण

## ४.१ पठनबोध क्षमतामा विभिन्न समूहहरूको तुलनात्मक स्थिति

प्रस्तुत अध्यायमा समग्र विद्यार्थीहरूको पठनबोध क्षमताको तुलनात्मक अध्ययन गर्ने क्रममा लैङ्गिक आधारमा छात्र र छात्राबीच तुलना, विद्यालयको प्रकृतिको आधारमा सार्वजनिक र निजी विद्यालयका विद्यार्थीबीच तुलना र भाषिक पृष्ठभूमिका आधारमा नेपाली मातृभाषी र नेपाली विमातृभाषी विद्यार्थीबीच तुलनात्मक अध्ययन तथा विश्लेषण गरिएको छ । यसरी विभिन्न चलहरूबीच तुलनात्मक विश्लेषण गर्न मध्यमान, मानक विचलन र 'z' परीक्षणजस्ता साङ्ख्यिकीयहरूलाई उपयोगमा ल्याइएको छ ।

### ४.१.१ पठनबोध क्षमतामा लैङ्गिक आधारमा छात्र र छात्राबीच तुलना

**तालिका नं. ११**

| समूह | सङ्ख्या | मध्यमान | समग्र मध्यमान | मानक विचलन | समग्र मानक विचलन | 'z' मान |
|---|---|---|---|---|---|---|
| छात्र | २५ | १५.२८ | १४.७४ | २.७४ | ३.०४ | |
| छात्रा | २५ | १४.२ | | ३.२१ | | १.८३ |

उपर्युक्त तालिकामा समग्र विद्यार्थीहरूलाई लैङ्गिक आधारमा विभाजन गरी छात्र र छात्राबीचको पठनबोध क्षमतालाई तुलना गरिएको छ । यसका लागि छात्रतर्फ २५ र छात्रातर्फ पनि २५ जना विद्यार्थीहरूलाई समावेश गरिएको छ । विद्यार्थीहरूको समग्र मध्यमान १४.७४ रहेको छ भने छात्रहरूको समूहगत मध्यमान १५.२८ र छात्राहरूको समूहगत मध्यमान १४.२ रहेको छ । त्यसैगरी विद्यार्थीहरूको समग्र मानक विचलन ३.०४ रहेको छ । छात्रहरूको समूहगत मानक विचलन २.७४ रहेको देखिन्छ भने छात्राहरूको मानक विचलन ३.२१ रहेको छ।

समग्र मध्यमानलाई आधार मानेर हेर्दा छात्रतर्फको समूहगत मध्यमानभन्दा समग्र मध्यमान केही माथि छ भने छात्रातर्फको मध्यमान समग्र मध्यमानभन्दा केही तल रहेको देखिन्छ । समग्र मध्यमानभन्दा छात्र र छात्राको समूहगत मध्यमान नगन्य रूपमा मात्र तलमाथि भएकाले दुवै समूहको पठनबोध क्षमतालाई लगभग बराबरी नै मान्न सकिन्छ । समग्र मानक विचलन ३.०४ लाई आधारमानी हेर्दा छात्रहरूको समूहगत मानक विचलन २.७४ रहेको छ भने छात्राहरूको समूहगत मानक विचलन ३.२१ रहेको छ । यसबाट छात्रतर्फको मानक विचलन समग्र मानक विचलनभन्दा कम विचलित भएको पाइन्छ भने छात्रातर्फको मानक विचलन समग्र मानक विचलनभन्दा केही बढी विचलित भएको देखिन्छ । यसरी छात्राहरूको भन्दा छात्रहरूको मानक विचलन कम देखिएकाले छात्रहरूको पठनबोध क्षमतामा जति एकरूपता देखिन्छ त्यति एकरूपता छात्राहरूको पठनबोध क्षमतामा देखिदैन । छात्र तथा छात्रा दुवै समूहबीचको अन्तर केलाउँदा 'z' को मान १.८३ रहेकाले उक्त मानलाई ०.०५ को सार्थक तहमा हेर्दा प्राक्कल्पनामा छात्र र छात्राबीचको पठनबोध क्षमतामा सार्थक अन्तर छैन भन्ने कुरा पुष्टि हुन सकेन ।

### ४.१.२ पठनबोध क्षमतामा विद्यालयको प्रकृतिका आधारमा सार्वजनिक र निजी विद्यालयका विद्यार्थीहरूबीच तुलना

**तालिका नं. १२**

| समूह | सङ्ख्या | मध्यमान | समग्र मध्यमान | मानक विचलन | समग्र मानक विचलन | 'z' मान |
|---|---|---|---|---|---|---|
| सार्वजनिक | ३४ | १४.६४ | १४.७४ | ३.०८ | ३.०४ | ०.४९ |
| निजी | १६ | १४.९३ | | २.८९ | | |

प्रस्तुत तालिकामा दिएअनुसार सार्वजनिक विद्यालयका ३४ जना र निजी विद्यालयका १६ जना विद्यार्थीहरू समावेश गरिएका छन् । उक्त दुवै समूहका विद्यार्थीहरूको पठनबोध क्षमताको समग्र मध्यमान १४.७४ रहेको छ । समूहगत रूपमा सार्वजनिक विद्यालयका विद्यार्थीहरूको समूहगत मध्यमान १४.६४ रहेको छ भने निजी विद्यालयका विद्यार्थीहरूको समूहगत मध्यमान १४.९३ रहेको छ । समग्र मध्यमानलाई आधार मानेर सार्वजनिक र निजी विद्यालयका विद्यार्थीहरूको

पठनबोध क्षमतालाई तुलना गर्दा समग्र मध्यमान १४.७४ भन्दा सार्वजनिक विद्यालयका विद्यार्थीहरूको पठनबोध क्षमताको मध्यमान केही कम देखिन्छ भने निजी विद्यालयका विद्यार्थीहरूको पठनबोध क्षमताको मध्यमान केही बढी देखिन्छ । यसरी दुवै समूहका विद्यार्थीहरूको पठनबोध क्षमताको तुलना गर्दा सार्वजनिक विद्यालयका विद्यार्थीभन्दा निजी विद्यालयका विद्यार्थीहरूको पठनबोध क्षमता केही राम्रो रहेको देखिन्छ ।

यसैगरी समग्र मानक विचलन ३.०४ लाई आधार मानेर हेर्दा सार्वजनिक विद्यालयका विद्यार्थीहरूको मानक विचलन ३.०८ रहेको छ भने निजी विद्यालयका विद्यार्थीहरूको मानक विचलन २.८९ रहेको छ । समग्र मानक विचलनसँग तुलना गर्दा सार्वजनिक विद्यालयका विद्यार्थीहरूको मानक विचलन केही बढी र निजी विद्यालयका विद्यार्थीहरूको मानक विचलन केही कम रहेको पाइन्छ । यसरी सार्वजनिक विद्यालयका विद्यार्थीहरूको प्राप्ताङ्क बढी विचलित र निजी विद्यालयका विद्यार्थीहरूको प्राप्ताङ्कमा कम विचलन देखिन्छ । यी दुई विद्यालय समूहबीचको पठनबोध क्षमताको अन्तरलाई केलाउँदा 'z' को मान ०.०५ को सार्थक तहमा हेर्दा 'z' मान ०.४९ देखिएकाले सरकारी र निजी विद्यालयका विद्यार्थीहरूको पठनबोध क्षमताबीच खासै अन्तर नदेखिएकाले प्राक्कल्पनामा सार्वजनिक र निजी दुवै विद्यालयका विद्यार्थीहरूको पठनबोध क्षमतामा सार्थक अन्तर छैन भन्ने कुरा 'z' परीक्षणबाट पुष्टि हुन जान्छ ।

### ४.१.३ पठनबोध क्षमतामा भाषिक पृष्ठभूमिको आधारमा नेपाली मातृभाषी र नेपाली विमातृभाषी विद्यार्थीबीच तुलना

**तालिका नं. १३**

| समूह | सङ्ख्या | मध्यमान | समग्र मध्यमान | मानक विचलन | समग्र मानक विचलन | 'z' मान |
|---|---|---|---|---|---|---|
| नेपाली मातृभाषी | २५ | १५.१८ | १४.७४ | ३.०५ | ३.०४ | १.४९ |
| नेपाली विमातृभाषी | २५ | १४.३ | | २.८७ | | |

माथिको तालिकामा दिएअनुसार भाषिक पृष्ठभूमिका आधारमा हेर्दा कूल विद्यार्थी सङ्ख्या ५० मध्ये २५ जना नेपाली मातृभाषी र २५ जना नेपाली विमातृभाषी विद्यार्थीहरू नमूनाका रूपमा रहेका छन् । उक्त तालिकामा समग्र मध्यमान १४.७४ र समग्र मानक विचलन ३.०४ रहेको देखिन्छ । नेपाली मातृभाषी समूहका विद्यार्थीहरूको समूहगत मध्यमान १५.१८ र नेपाली विमातृभाषी समूहका विद्यार्थीहरूको समूहगत मध्यमान १४.३ रहेको पाइन्छ । समग्र मध्यमान १४.७४ लाई आधार मानेर हेर्दा नेपाली मातृभाषी विद्यार्थीहरूको समूहगत मध्यमान समग्र मध्यमानभन्दा केही बढी र नेपाली विमातृभाषी विद्यार्थीहरूको समूहगत मध्यमान समग्र मध्यमानभन्दा केही कम रहेको देखिन्छ । यसरी नेपाली मातृभाषी विद्यार्थीहरूको समूहगत मध्यमान समग्र मध्यमानभन्दा केही माथि देखिनुले उनीहरूको पठनबोध क्षमतालाई सन्तोषजनक नै मान्न सकिन्छ । अर्कातिर नेपाली विमातृभाषी विद्यार्थीहरूको समूहगत मध्यमान समग्र मध्यमानभन्दा केही कमी देखिनुले उनीहरूको पठनबोध क्षमता केही कमजोर रहेको देखिन्छ । समग्रमा नेपाली विमातृभाषी विद्यार्थीहरूको भन्दा नेपाली मातृभाषी विद्यार्थीहरूको पठनबोध क्षमता राम्रो रहेको देखिन्छ ।

समग्र मानक विचलन ३.०४ लाई आधारमानेर हेर्दा नेपाली मातृभाषी विद्यार्थीहरूको मानक विचलन समग्र मानक विचलन सरह रहेको र नेपाली विमातृभाषी विद्यार्थीहरूको मानक विचलन समग्र मानक विचलनभन्दा केही कम रहेको देखिन्छ । यसबाट नेपाली मातृभाषी विद्यार्थीहरूको प्राप्ताङ्कमा केही बढी विचलन र नेपाली विमातृभाषी विद्यार्थीहरूको प्राप्ताङ्कमा केही कम विचलन भएको देखिन्छ । यसरी नेपाली मातृभाषी विद्यार्थीहरूको पठनबोध क्षमतामा कम एकरूपता र नेपाली विमातृभाषी विद्यार्थीहरूको पठनबोध क्षमतामा बढी एकरूपता रहेको पाइन्छ । यी दुई समूहबीचको अन्तर केलाउँदा 'z' को मान १.४९ रहेको र उक्त मान ०.०५ को सार्थकतामा हेर्दा बढी भएकाले नेपाली मातृभाषी विद्यार्थी र नेपाली विमातृभाषी विद्यार्थीहरूको पठनबोध क्षमतामा समानता देखिदैन । प्राक्कल्पनामा भनिएको नेपाली मातृभाषी र नेपाली विमातृभाषी विद्यार्थीबीचको पठनबोध क्षमतामा सार्थक अन्तर छैन भन्ने कुरा 'z' परीक्षणबाट पुष्टि हुन सकेन ।

# अध्याय : पाँच

# निष्कर्ष तथा सुझावहरू

## ५.१ निष्कर्ष

कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको पठनबोध क्षमतासम्बन्धी यस अध्यनबाट निम्नलिखित निष्कर्षहरू निकाल्न सकिन्छ :

१. विद्यार्थीहरूको समग्र पठनबोध क्षमतालाई प्रतिशतमा गणना गर्दा २५ प्रतिशतभन्दा कम अङ्क प्राप्त गर्ने विद्यार्थीहरू हुँदै नभएका, ५० प्रतिशतसम्म अङ्क ल्याउने विद्यार्थीहरूको सङ्ख्या १० प्रतिशत, ५० देखि ७५ प्रतिशतसम्म अङ्क ल्याउने विद्यार्थी सङ्ख्या ४२ प्रतिशत र ७५ प्रतिशतभन्दा माथि अङ्क प्राप्त गर्ने विद्यार्थीको सङ्ख्या ४८ प्रतिशत देखिनुले कक्षा आठका विद्यार्थीहरूको पठनबोध क्षमता राम्रो रहेको देखिन्छ ।

२. समग्र विद्यार्थीहरूको पठनबोध क्षमताको मध्यमान १४.७४ लाई आधार मानेर हेर्दा मध्यमानभन्दा तल कम प्रतिशत र मध्यमानभन्दा माथि बढी प्रतिशत विद्यार्थीहरू रहनुले समग्र विद्यार्थीहरूको पठनबोध क्षमता सन्तोषजनक नै देखिन्छ ।

३. समग्र विद्यार्थीहरूको दृष्टांश पठनबोध क्षमतालाई प्रतिशतका आधारमा गणना गर्दा ५० र ७५ प्रतिशतको बीचमा अङ्क प्राप्त गर्ने विद्यार्थीहरू ५६ प्रतिशत र ७५ प्रतिशतभन्दा बढी अङ्क प्राप्त गर्ने विद्यार्थीहरू ३६ प्रतिशत रहनुले विद्यार्थीहरूको दृष्टांश पठनबोध क्षमतालाई राम्रो मान्न सकिन्छ ।

४. समग्र विद्यार्थीहरूको दृष्टांश पठनबोध क्षमताको मध्यमान र मानक विचलन निकाली हेर्दा मध्यमान १४.१ भन्दा माथि अङ्क प्राप्त गर्ने विद्यार्थीहरू ४२ प्रतिशत र मध्यमानभन्दा कम अङ्क प्राप्त गर्ने विद्यार्थीहरू ५८ प्रतिशत रहेकाले विद्यार्थीहरूको दृष्टांश पठनबोध क्षमता सामान्य रहेको पाइन्छ । मानक विचलनलाई हेर्दा विद्यार्थीहरूको प्राप्ताङ्क केही विचलित भएकाले दृष्टांश पठनबोध क्षमतामा सामान्य एकरूपता देखिन्छ ।

५. समग्र विद्यार्थीहरूको अदृष्टांश पठनबोध क्षमतालाई प्रतिशतका आधारमा गणना गर्दा ८८ प्रतिशत विद्यार्थीहरूले ५० प्रतिशतभन्दा बढी अङ्क प्राप्त गरेकाले उनीहरूको अदृष्टांश पठनबोध क्षमतालाई राम्रो मान्न सकिन्छ ।

६. समग्र विद्यार्थीहरूको अदृष्टांश पठनबोध क्षमतालाई मध्यमान र मानक विचलनका आधारमा हेर्दा मध्यमान १५.३८ भन्दा माथि अङ्क प्राप्त गर्ने विद्यार्थीहरू ६८ प्रतिशत र मध्यमानभन्दा तल अङ्क प्राप्त गर्नेको सङ्ख्या ३२ प्रतिशत रहनुले उनीहरूको अदृष्टांश पठनबोध क्षमताको स्तर राम्रो देखिन्छ । मानक विचलनतर्फ हेर्दा विद्यार्थीहरूको प्राप्ताङ्कमा केही मात्रामा विचलन देखिन्छ ।

७. समग्र विद्यार्थीहरूको दृष्टांश र अदृष्टांश पठनबोध क्षमताको स्थितिलाई तुलनात्मक रूपमा विश्लेषण गर्दा दृष्टांश पठनबोध क्षमताको मध्यमान १४.१ र अदृष्टांश पठनबोध क्षमताको मध्यमान १५.३८ देखिनुले विद्यार्थीहरूको समग्र दृष्टांश पठनबोध क्षमताभन्दा समग्र अदृष्टांश पठनबोध क्षमता राम्रो रहेको पाइन्छ ।

८. लैङ्गिक दृष्टिले हेर्दा छात्रहरूको समग्र पठनबोध क्षमता मध्यमान भन्दा माथि ५६ प्रतिशत र छात्राहरूको पठनबोध क्षमता मध्यमानभन्दा माथि ५२ प्रतिशत रहेकाले समग्रमा छात्र र छात्रा दुवैको पठनबोध क्षमता राम्रै रहेको देखिन्छ । छात्र र छात्राबीचको पठनबोध क्षमतामा सामान्य फरक भने देखिन्छ ।

९. विद्यालयको प्रकृतिका आधारमा सार्वजनिक विद्यालयका विद्यार्थीहरूको पठनबोध क्षमता समग्र मध्यमानभन्दा माथि ५० प्रतिशत र निजी विद्यालयका विद्यार्थीहरूको पठनबोध क्षमता समग्र मध्यमानभन्दा माथि ५६.२५ रहेको देखिन्छ । यसरी सार्वजनिक र निजी दुवै विद्यालयका विद्यार्थीहरूको पठनबोध क्षमता समग्र मध्यमानभन्दा माथि नै देखिए पनि निजी विद्यालयका विद्यार्थीहरूको पठनबोध क्षमता सार्वजनिक विद्यालयका विद्यार्थीहरूको भन्दा उच्च रहेको पाइन्छ ।

१०. भाषिक पृष्ठभूमिका आधारमा हेर्दा नेपाली मातृभाषी विद्यार्थीहरूको पठनबोध क्षमता समग्र मध्यमान १४.७४ भन्दा माथि ५६ प्रतिशत र नेपाली विमातृभाषी विद्यार्थीहरूको पठनबोध क्षमता समग्र मध्यमानभन्दा माथि ४८ प्रतिशत मात्र रहनुले नेपाली मातृभाषी विद्यार्थीहरूको पठनबोध क्षमता राम्रो रहेता पनि नेपाली विमातृभाषी विद्यार्थीहरूको पठनबोध क्षमता भने सामान्य नै देखिन्छ ।

११. लैङ्गिक आधारमा छात्र र छात्राबीचको मानक विचलनलाई हेर्दा छात्रहरूको मानक विचलन समग्र मानक विचलन ३.०४ भन्दा कम २.७४ र छात्राहरूको मानक विचलन समग्र

मानक विचलनभन्दा केही बढी ३.२१ देखिनुले छात्राहरूको भन्दा छात्रहरूको पठनबोध क्षमतामा बढी एकरूपता देखिन्छ । यसैगरी छात्र र छात्रा दुवैको अन्तर केलाउँदा 'z' को मान १.८३ रहेकाले यी दुवैबीचको पठनबोध क्षमतामा केही अन्तर छ भन्ने तथ्य भेटिन्छ ।

१२.विद्यालयको प्रकृतिका आधारमा सार्वजनिक विद्यालय र निजी विद्यालयका विद्यार्थीबीचको मानक विचलनलाई हेर्दा सार्वजनिक विद्यालयका विद्यार्थीहरूको मानक विचलन समग्र मानक विचलन ३.०४ भन्दा बढी ३.०८ र निजी विद्यालयका विद्यार्थीहरूको मानक विचलन समग्र मानक विचलनभन्दा कम २.८९ रहेकाले सार्वजनिक विद्यालयका विद्यार्थीहरूको भन्दा निजी विद्यालयका विद्यार्थीहरूको पठनबोध क्षमतामा बढी एकरूपता देखिन्छ । सार्वजनिक र निजी दुवै विद्यालयका विद्यार्थीहरूको अन्तर केलाउँदा 'z' को मान ०.४९ रहेकाले यी दुवै विद्यालयका विद्यार्थीहरूको पठनबोध क्षमतामा सार्थक अन्तर रहेको पाइदैँन ।

१३. भाषिक पृष्ठभूमिका आधारमा नेपाली मातृभाषी र नेपाली विमातृभाषी विद्यार्थीहरूको मानक विचलनलाई हेर्दा नेपाली मातृभाषी विद्यार्थीहरूको मानक विचलन समग्र मानक विचलन ३.०४ जतिकै ३.०५ र नेपाली विमातृभाषी विद्यार्थीहरूको मानक विचलन समग्र मानक विचलनभन्दा कम २.८७ रहेको छ । यसबाट नेपाली मातृभाषी विद्यार्थीहरूको पठनबोध क्षमतामा कम एकरूपता र नेपाली विमातृभाषी विद्यार्थीहरूको पठनबोध क्षमतामा बढी एकरूपता देखिन्छ । नेपाली मातृभाषी र नेपाली विमातृभाषी विद्यार्थीबीचको अन्तर केलाउँदा 'z' को मान १.४९ रहेकाले यी दुवै समूहका विद्यार्थीहरूको पठनबोध क्षमतामा केही भिन्नता रहेको देखिन्छ ।

## ५.२ सुझावहरू

प्रस्तुत अध्ययनबाट निकालिएका विभिन्न निष्कर्षहरूका आधारमा निम्नलिखित सुझावहरू प्रस्तुत गरिएको छ :

१. भाषिक सीपहरूको विकास गरी भाषिक क्षमताको विकास गर्न विद्यार्थीहरूमा पठनबोधको क्षमता बढाउन आवश्यक हुने हुँदा पाठ्यपुस्तक निर्माणका क्रममा पठनबोधसम्बन्धी अभ्यासहरू बढाउनु पर्ने देखिन्छ ।

२. सबै तहका पाठ्यक्रम तथा पाठ्यपुस्तकहरू सोही तहका विद्यार्थीहरूको स्तर, रुचि, आवश्यकता एवम् क्षमताका आधारमा निर्माण गर्नुपर्छ ।

३. नेपाली विषय सबैले पढाउन सक्छन भन्ने पुरानो र गलत मान्यतालाई हटाई उक्त विषयमा तालिमप्राप्त विषय शिक्षकलाई मात्र नेपाली विषय शिक्षणका लागि नियुक्ति गर्ने व्यवस्थालाई कडाइका साथ कार्यान्वयन गरिनु पर्छ ।

४. समग्र विद्यार्थीहरूको अदृष्टांशभन्दा दृष्टांश पठनबोध क्षमता कमजोर रहेकाले पाठ्यपुस्तकबाट पठनबोधसम्बन्धी अभ्यास गराउँदा विद्यार्थीहरूको रुचि र स्तरलाई ध्यान दिँदै पाठ्यसामग्रीको छनोट गर्नुपर्ने देखिन्छ । विद्यार्थीहरूले पनि आफ्नै पाठ्यपुस्तकबाट सोधिएका प्रश्नहरू त हुन नि पहिले पनि पढेकै हो भनेर दृष्टांश उद्धरणप्रति उदासिन हुनुहुँदैन ।

५. छात्र र छात्राबीचको पठनबोध क्षमतामा केही अन्तर देखिएको छ । छात्राहरूको पठनबोध क्षमता छात्रहरूकोभन्दा केही कमजोर रहेकाले छात्राहरूलाई पठनबोधको अभ्यासका क्रममा थप प्रोत्साहित गर्दै हौसला प्रदान गर्नुपर्ने देखिन्छ । सबै छात्राहरूलाई पढाइप्रति उत्प्रेरित गर्नुपर्ने देखिन्छ ।

६. विद्यालयको प्रकृतिका आधारमा हेर्दा सार्वजनिक विद्यालयका विद्यार्थीहरू निजी विद्यालयका विद्यार्थीभन्दा पठनबोध क्षमतामा नगण्य रूपमा मात्र  कमजोर देखिएकाले सार्वजनिक विद्यालयमा पनि नियमित पठनपाठनको व्यवस्था गर्ने, विद्यार्थीहरूको अनुशासनमा ध्यान दिने, नियमित गृहकार्यको व्यवस्था गर्ने र विभिन्न सन्दर्भसामग्री र पत्रपत्रिकाको व्यवस्था गरेमा पठनबोध क्षमतामा सुधार गर्न सकिन्छ ।

७. भाषिक पृष्ठभूमिका आधारमा नेपाली मातृभाषी र नेपाली विमातृभाषी विद्यार्थीहरूको तुलनात्मक अध्ययन गर्दा नेपाली विमातृभाषी विद्यार्थीहरूको पठनबोध क्षमता केही कमजोर

रहेको देखिन्छ । नेपाली विमातृभाषी विद्यार्थीहरूलाई पनि नेपाली मातृभाषी विद्यार्थीसरह बनाउन दोस्रो भाषाका रूपमा नेपाली भाषा सिक्ने क्रममा देखापर्ने समस्याहरूको पहिचान गरी त्यसको निराकरण गर्न शिक्षकले बढी ध्यान दिने र वर्तमान समयमा नेपाली भाषाप्रति विभिन्न कोणबाट राखिने नकारात्मक धारणाको प्रभाव विद्यार्थीहरूमा पर्न नदिने वातावरण सृजना गर्नुपर्ने देखिन्छ ।

८. कक्षामा पठनबोध शिक्षणका क्रममा विद्यार्थीहरूको पढाइका साथै लेखाइ सीपमा पनि सुधार गर्न आवश्यक विधिहरू उपयोग गर्नुपर्ने देखिन्छ ।

९. पठनबोध क्षमताको मूल्याङ्कनका लागि पाठ्यक्रममा ५ प्रतिशत मात्र अङ्क छुट्याइएको देखिन्छ । पठनबोध जस्तो महत्त्वपूर्ण पक्षको मूल्याङ्कन गर्न ५ प्रतिशत मात्र अङ्कले नसक्ने हुँदा मूल्याङ्कन अङ्कमा वृद्धि गर्नुपर्ने देखिन्छ ।

१०. विद्यार्थीहरूलाई तल्लो कक्षादेखि नै स्तर सुहाउँदा दृष्टांश तथा अदृष्टांश उद्धरणबाट पठनबोध क्षमता विकासका लागि प्रयाप्त अभ्यास गराउनु आवश्यक देखिन्छ भने पाठ्यपुस्तकमा पनि पठनबोधसम्बन्धी अभ्यासहरू कमै भएकाले थप्नुपर्ने देखिन्छ ।

११. पठनबोध क्षमता विकासका लागि विषयवस्तुको छनोट गर्दा क्षेत्र, लिङ्ग, भाषा, उमेर कक्षा, तह, आदि विविध पक्षलाई समेटी रोचक विषयवस्तु समावेश गर्नेतर्फ ध्यान पुऱ्याउनु पर्ने देखिन्छ ।

१२. पठनबोधको अभ्यासमा आउने समस्या हटाउन विद्यार्थीहरूलाई शब्दार्थ शिक्षणमा जोड दिँदै तल्लो तहदेखि नै आगन्तुक शब्दहरूको प्रयोग गर्नेतर्फ ध्यान पुऱ्याउनु उपयुक्त हुन्छ ।

१३. विद्यार्थीहरूको पठनबोध क्षमता मापनका लागि सोधिने विभिन्न प्रकारका प्रश्नहरू र त्यस्ता फरक किसिमका प्रश्नहरूको उत्तर दिने शैली तथा तरिकाका बारेमा विद्यार्थीहरूलाई प्रयाप्त जानकारी दिनु आवश्यक देखिन्छ ।

**५.३ भावी अनुसन्धानका लागि सम्भावित शीर्षकहरू**

१. प्रथमिक तह उत्तीर्ण विद्यार्थीहरूको पठनबोध क्षमताको अध्ययन ।

२. भाषिक पृष्ठभूमिका आधारमा पठनबोध क्षमतामा फरक हुने कारणहरूको अध्ययन ।

३. कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको श्रुतिबोध क्षमताको अध्ययन ।

४. माध्यमिक तहमा अध्ययनरत विद्यार्थीहरूको श्रुतिबोध क्षमताको अध्ययन ।

५. पठनबोध क्षमतामा अपनाइएका शिक्षण क्रियाकलापहरूको अध्ययन ।

६. तराई क्षेत्रका कक्षा छमा अध्ययनरत विद्यार्थीहरूको पठनबोध क्षमताको अध्ययन ।

७. पठनबोध क्षमता विकासका लागि प्रयुक्त हुने शिक्षण विधिहरूको अध्ययन ।

८. भाषिक पृष्ठभूमिका दृष्टिले उच्च माध्यमिक तह (कक्षा ११ र १२) मा अध्ययनरत विद्यार्थीहरूको पठनबोध क्षमताको अध्ययन ।

९. बोधगम्यताका दृष्टिले माध्यमिक तहको नेपाली किताबमा रहेका निबन्धहरूको अध्ययन ।

१०. बोधगम्यताका दृष्टिले निम्न माध्यमिक तहको नेपाली किताबमा रहेका कथाहरूको अध्ययन ।

११. बोधगम्यताका दृष्टिले उच्च मा.वि. तहको नेपाली किताबमा रहेका कथाहरूको अध्ययन ।

# सन्दर्भसूची

१. अधिकारी, हेमाङ्गराज (२०५३) भाषा शिक्षणः केहि परिप्रेक्ष्य तथा पद्धति, काठमाडौँः विद्यार्थी पुस्तक भण्डार ।

२. अधिकार, हेमाङ्गराज (२०५३), नेपाली भाषा शिक्षण, काठमाडौँः कुञ्जन प्रकाशन ।

३. अधिकारी, हेमाङ्गराज (२०५५), समसामयिक नेपाली व्याकरण, काठमाडौँः विद्यार्थी पुस्तक भण्डार ।

४. आचार्य, पेशल (२०६५), विद्यालयस्तरीय निबन्धहरु, काठमाडौँः विवेक सिर्जनशील प्रकाशन ।

५. उपाध्याय, गुरुप्रसाद (२०६०), कक्षा नौमा अध्ययनरत विद्यार्थीहरुको पठनबोध क्षमताको अध्ययन, स्नातकोत्तर शोधपत्र, त्रि.वि. कीर्तिपुर ।

६. खनाल, पेशल (२०६१), शैक्षिक अनुसन्धान पद्धति, काठमाडौँः विद्यार्थी पुस्तक प्रकाशन ।

७. ज.ब.रा., स्वयंप्रकाश र अन्य (२०६५), शिक्षामा मापन तथा मूल्याङ्कन, काठमाडौँः विद्यार्थी पुस्तक भण्डार ।

८. ढुङ्गेल, भोजराज र दुर्गा दाहाल (२०५६), परिचयात्मक नेपाली भाषा शिक्षण, काठमाडौँः एम.के. पब्लिसर्स एन्ड डिस्ट्रिब्युटर्स ।

९. नेपाल सरकार शिक्षामन्त्रालय (२०६७), हाम्रो नेपाली किताब कक्षा आठ, भक्तपुरः पाठ्यक्रम विकास केन्द्र ।

१०. बन्ध, चुँडामणि (२०५२), अनुसन्धान तथा प्रतिवेदन लेखन, काठमाडौँः रत्नपुस्तक भण्डार ।

११. भट्टरई, रामप्रसाद (२०६५), भाषिक अनुसन्धान विधि, काठमाडौँः शुभकामना प्रकाशन ।

१२. शर्मा, केदारप्रसाद र माधव पौडेल (२०६०), नेपाली भाषा र साहित्य-शिक्षण, काठमाडौँः न्यु हिरा बसक्स ।

१३. शर्म्मा, वसन्त्कुमार (२०६२), नेपाली शब्दसागर, काठमाडौँः भाषा पुस्तक भण्डार ।

१४. ज्ञावली, कृष्णप्रसाद (२०६३), कक्षा दशमा अध्ययनरत विद्यार्थीहरुको पठनबोध क्षमताको अध्ययन, स्नातकोत्तर शोधपत्र, त्रि.विः कीर्तिपुर ।

## परिशिष्ट 'क'

# अध्ययनका लागि उपयोग गरिएका प्रश्नहरु

## दृष्टांश

विद्यार्थीको नाम: कक्षा: ८

विद्यालयको नाम: रोल नं.:

छात्र /छात्रा: समय: ३० मि.

मातृभाषा : पूर्णाङ्क: २०

तल दिइएको अनुच्छेद पढी सोधिएका प्रश्नहरुको सङ्क्षिप्त उत्तर दिनुहोस्:

फ्लोरेन्स नाइटिङ्गेल दया, करुणा र सेवाकी प्रतिमूर्ति थिइन् । उनमा परोपकारी भावना थियो । उनी धर्मका दृष्टिले बिरामीको सेवा गर्ने गर्थिन् । बिरामीहरु पनि उनको सेवा पाएर प्रसन्न हुन्थे र उनको मुक्तकण्ठले प्रशंसा गर्थे । यसबाट फ्लोरेन्सलाई आफ्नो काममा झन प्रेरणा मिलेको थियो । फ्लोरेन्स बिरामी सँग कुरा गर्न रुचाउँथिन् । उनको कुराकानीले बिरामीको पीडा केहि कम भएर जाने गर्थो । बिरामीसँग सेवा पुऱ्याउँथिन । यसले गर्दा बिरामीहरुलाई रोगसँग लड्ने क्षमता प्राप्त हुन्थ्यो । बिरामीहरु डाक्टरको उपचारसँग भन्दा यिनको सेवाबाट बढी सन्तुष्ट हुन्थे ।

फ्लोरेन्स एक परिचारिका मात्र नभएर उपचारात्मक व्यवस्थापनकी प्रणेता पनि हुन् । उनी आफैले कयौँ महिलाहरुलाई नर्स कोर्सका बारेमा प्रशिक्षण पनि दिएकी थिइन । युद्धको कारण बिरामी परेर क्रिमियाको स्काटारी अस्पतालमा भर्ना भएका सिपाहीलाई समेत उनले सेवा पुऱ्याइन् । स्कुटारी अस्पतालमा गरेको बिरामीको सेवाले नै उनलाई "लेडी विथ द ल्याम्प" को उपनामले संसारमा परिचित गरायो । त्रिमियाको युद्धका कारण बिरामी परेका सिपाहिलाई उपचारार्थ उनले लन्डन सहरमा चन्दा सङ्कलनको काम पनि गरिन । चालीस जना महिलाहरुको प्रतिनिधित्व गरेर क्रिमियाको स्कुटारी अस्पतालमा रोगीको सेवा गर्न उनी खटिएकी गिइन् । उनले त्यहाँ चौबिसै घण्टाजस्तो बिरामी हुँदा आमाको जुन अवस्था हुन्छ, त्यही अवस्था फ्लोरेन्स नाइटिङ्गेलको स्कुटारी अस्पतालमा थियो । रातभाजसो बत्ती साथमा लिएर बिरामीको हेर विचारमा उनी लागेको पाउँदा बिरामीहरुलाई उनी स्वास्थ्यकी देवी नै हुन् भन्ने लागेको थियो ।

प्रश्नहरु:

१. फ्लोरेन्सलाई के कुराले आफ्नो काममा थप प्रेरणा मिलेको थियो ?

उत्तर:

२. बिरामीहरुलाई केले रोग सँग लड्ने क्षमता प्राप्त हुन्थ्यो ?

उत्तर:

३. फ्लोरेन्स किन “लेडी विथ द ल्याम्प” को उपनामले परिचित भइन् ?

उत्तर:

४. स्कुटारी अस्पतालमा फ्लोरेन्सको कुन अवस्था थियो ?

उत्तर:

५. बिरामीहरु फ्लोरेन्सलाई किन स्वास्थ्यकी देवी मान्थे ?

उत्तर:

- सबैभन्दा ठीक उत्तरमा ( ) भिन्ह लगाउनुहोस्:

१. फ्लोरेन्स नाइटिङ्गेलको भावना कस्तो थियो ?

क) परोपाकारी ख) दानी ग) क्रोधी घ) रमाइलो

२. फ्लोरेन्स कुन दृष्टिले बिरामीको सेवा गर्थिन् ?

क) आम्दानीका दृष्टिले ख)स्वार्थका दृष्टिले ग) मनोरञ्जनका दृष्टिले घ) धर्मका दृष्टिले

३. ‘प्रणेता’ शब्दको अर्थ के हो ?

क) प्रणाम ख) सुरुवातकर्ता ग) अन्त्य घ) सेवक

४. फ्लोरेन्सले किन चन्दा सङ्कलन गरिन् ?

क) युघका लागि ख) उपचारका लागी ग) अस्पतालका लागि घ) घरखर्चका लागी

५. फ्लोरेन्स किन स्कुटारी अस्पतालमा खटिएकी थिइन् ?

क) रोगीको उपचार गर्न ख) नर्सकोर्स पढन ग) रोगीको सेवा गर्न घ) औषधि बिक्रि गर्न

# अदृष्टांश

विद्यार्थीको नामः कक्षा:-

विद्यालयको नामः रोल नं. :-

छात्र/छात्रा : समय :-

मातउभाषा : पूर्णाङ्क :-२०

तल दिइएको अनुच्छेद पढी सोधिएका प्रश्नहरुको सङ्क्षिप्त उत्तर दिनुहोस् :

संसारमा सभ्यताको सुरुवात नदीबाटै भएको पाइन्छ। नदीका किनारमा मानिसलाई बसाबास हुने किसिमको उपयुक्त जीवन, सिँचाइ र पानीको सुविधा भएकाले मानिसहरुको बसोबास होस या सभ्यताको आरम्भ नदी किनारबाटै भएको भन्ने प्रमाण इतिहासमा पाइन्छ। मानिसहरुले खेतीपातीको कार्य सबैभन्दा पहिले नदी किनारबाटै गर्न थालेका हुन्। हामीले अहिले पनि विश्वको मानचित्रलाई पल्टाएर हेरेको खण्डमा के थाहा पाउँछौं भने संसारका ठूल्ठूला सहरहरु नदीकै किनारमा बसेका छन्। हामीले यस सन्दर्भमा के पनि भुल्नु हुँदैन भने नदीलाई तिनै साना-ठूला सहरहरुले फोहर रअव्यवस्थित पार्ने काम गरेका छन्। आज सहरको सरसफाइका नाममा हामीले सहरमा गर्ने गरीएको असङ्ख्य किसिमका फोहरहरुलाई भौतिक रुपमा कन्टेनरमा उठाएर होस कि ढल बनाएर होस् नदीमै फ्याँक्ने गरेको पाएका छौं। यो कार्य राम्रो त पक्कै होइन तर आजको समयमा यही नै भइरहेको छ।

नदीले मानिसलाई मात्र होइन कि साना-ठूला सबै किसिमका जीवजन्तु चाहे ती जलचर हुन या स्थलचर हुन् सबैलाई आफ्नो चिसो जलमा आश्रय दिएको हुन्छ। जमिनमा बस्ने प्राणीहरु पानीका तुलनामा धेरै हुने गर्छन। संसारमा चार किसिमका प्राणीहरु रहेको कुरा जीव वैज्ञानीहरुले बताएका छन्। पहिलो जलचर हुन् तिनीहरु सँधै पानीमा आफ्नो जीवन निर्वाह गर्छन्। दोस्रो प्रकृतिका जनावरहरु स्थलचर हुन्। तिनिहरु जमिनमा आफ्नो जीवन धान्छन्। तेस्रोथरी प्राणीहरु उभयचर नामले पुकारिन्छन्। तिनिहरु जमिन र पानि दुबै स्थानमा बस्छन्। तिनीहरुलाई दुवै स्थानमा बस्न उत्तिकै रम्य हुन्छ। चौथोथरी प्राणी जसलाई हामी खेचर भनेर नामकरण गर्छौं तीचाहिँ आकाशमा उड्छन्। कोही रुखका हाँगाबिगामा आफ्नो गुँड लगाँछन् र कोहीचाहिँ नमिनमै पनि बस्छन्।

## प्रश्नहरु:

१. मानिसहरुको बसोबासको आरम्भ किन नदी किनारबाटै भयो ?

उत्तरः

२. विश्वको मानचित्रलाई पल्टाएर हेर्दा हामीले के कूरा थाहा पाउछौं ?

उत्तरः

३. अहिले नदीहरुमा किन फोहरमैला बढीरहेको छ ?

उत्तरः

४. मानिसबाहेक नदीले अरु केके कुरालाई आश्रय दिएको हुन्छ ?

उत्तरः

५.सुंसारमा पाइने चार किसिमका प्राणीहरु केके हुन् ?

उत्तरः

सबैभन्दा ठीक उत्तरमा (      ) चिन्ह लगाउनुहोस् :

१. संसारमा सभ्यताको सुरुवात कहाँबाट भयो ?

क) पहाडबाट ख) जङ्गलबाट ग) समुन्द्रबाट घ) नदीबाट

२. फोहरमैला केमा जम्मा गरेर उठाइन्छ ?

क) कन्टेनरमा ख) डोकोमा ग) ट्रकमा घ) झालामा

३. 'रभ्य' शब्दको अर्थ के हो ?

क) रमाइलो ख) न्यानो ग) चिसो घ) रातो

४. कस्ता प्राणीलाई जलचर भनिन्छ ?

क) वनमा बस्ने ख) जमिनमा बस्ने ग) पानीमा बस्ने घ) रुखमा बस्ने

५. जमिन र पानी दुवैमा बस्न सक्ने प्राणीलाई के भनिन्छ ?

क) स्थलचर ख) उभयचर ग) जलचर घ) खेचर

# परिशिष्ट 'ख'

## अध्ययनमा सहयोगी विद्यालयहरुको नामावली

१. श्री वीरेन्द्र सार्वजनिक उच्च मा.वि. अमरदह, मोरङ

२. श्री गान्धीआश्रम मा.वि. अमरदह, मोरङ

३. श्री सार्वजनिक नि.मा.वि. गोविन्दपुर मोरङ

४. श्री सुगाहाट नि.मा.वि. हसन्दह, मोरङ

५. श्री अरनिको मेमोरियल इङ्लिश स्कुल अमरदह, मोरङ

६. श्री माउण्ट एभरेष्ट बोर्डिङ स्कुल अमरदह, मोरङ